जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ • अंक ३४१ • २०८२ साल बैशाख २५ गते विहीबार (8 May, Thursday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।–



## यसकारण एमाले अधिवेशन अनिश्चित

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमाले धनुषाको आठौँ जिल्ला अधिवेशनको उद्घाटन सत्रमा शीर्ष नेताले मञ्चबाटै मधेश प्रदेश सरकारको सहयात्रीसमेत रहेका आफ्नै पार्टीबाट मन्त्री बनेकाहरुको विरुद्धमा बोलेको आक्रोशमा अधिवेशन भाँडिएको तथ्य खुलेको छ ।

एमालेका महासचिव शंकर पोखरेललाई प्रमुख अतिथिका रूपमा निम्त्याइएको थियो । तर उनको विकल्पमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललाई प्रमुख अतिथिको रुपमा आए ।

पोखरेलले मन्तव्य दिने क्रममा मधेशका जनप्रतिनिधि, मन्त्रीसमेतले योजनाहरू बिक्री गरेको भन्दै सार्वजनिक मञ्चबाटै बोले ।

पार्टीका मन्त्री, जनप्रतिनिधि विरोधीहरूसँग साँठगाँठ गर्दै बदनाम भइरहेको र यस्तो गतिविधि बढ्दै जाँदा पार्टी र देशको भविष्य बर्बाद हुने उनले टिप्पणी गरे ।

उनले भनेका थिए, 'हाम्रा सबै जनप्रतिनिधि, अनेक ढंगले विरोधीसँग मिलेर बदनामी भएका छन्। बदनामी कति भएका छन्, मधेस प्रदेशमा योजना बिक्री भएका छन् । हामीलाई थाहा छैन के हो? योजना बिक्री भएका छन् । वरिष्ठ उपाध्यक्ष पोखरेलले भने, '१० प्रतिशत खाएका छन्। मन्त्रीले खाएका छन् । स्थानीय तहका जनप्रतिनिधिले खाएका छन्, यी बदनामीवाला कुरा सुन्दा हाम्रो मन दुखेको छ। भगवानसँग प्रार्थना गरौं यहाँ यस्तो नहोस्, मानी लिउ यहाँ पनि भएको छ भने पार्टी डुब्छ कि डुब्दैन ? कति ठूलो टोपी पहिरिएका छौं, त्यसको अर्थ छैन, तर पार्टी डुब्छ, देशको भाग्य र भविष्य पनि डुब्छ, बरबाद हुन्छ, त्यसैले यस्तो गर्ने अधिकार कसैलाई छैन।'

नेतृत्व तहका नेताले आफ्नै पार्टीका मन्त्रीलाई सार्वजनिक कार्यक्रममा योजना बिक्री गरेको आरोप लगाएपछि उनीहरू क्रूद्ध बनेको एमालेका प्रतिनिधिहरुको बुझाइ छ ।

### शिलान्यासको नाममा स्टन्टवाजी

## अध्यक्ष यादवको योजनामा राउतको दिग्भ्रमित उपहासजनक कार्य

**टुडे समाचारदाता**

राजविराज । केही वर्ष अघि प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको एक योजनाको शिलान्यास दोश्रो पटक जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले शिलान्यास गरेपछि उनको आलोचना हुन थालेको छ ।

करिब चार वर्ष अघि सप्तरीको राजविराज नगरपालिका वडा नम्बर १० स्थित बिरौलमा रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको शिलान्यास बुधबार दोस्रो पटक गरे पछि अहिले अध्यक्ष राउतको आलोचना स्थानीयवासीहरुले गर्न थालेका छन् ।





२०७८ असार २२ गते तत्कालीन प्रधानमन्त्री ओलीले भर्चुअल माध्यमबाट शिलान्यास गरेका थिए । प्रतिष्ठानको भौतिक संरचना निर्माण कार्य भने अन्योलमा थियो । सोही योजनाको शिलान्यास भइसके पनि नाम र यशका लागि सप्तरी क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्यसमेत रहेका अध्यक्ष राउतले काम अगाडि बढाउनुको साटो स्टन्टका लागि शिलान्यास गरेको आरोप स्थानीयहरुले लगाए ।

प्रधानमन्त्री ओलीद्वारा शिलान्यास गरिएको योजनालाई पुनः अध्यक्ष राउततले शिलान्यास गर्न लागेको भन्दै सामाजिक सञ्जालमा पनि उनको व्यापक आलोचना शुरु भएको छ । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव ओली नेतृत्वको सरकारमा उपप्रधान स्वास्थ्य एवम् जनसंख्यामन्त्री हुँदा रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समितिको कार्यालय स्थापना गरिएको थियो ।

राजविराजस्थित प्रतिष्ठानको कार्यालय उद्घाटन, निर्देशक नियुक्ति तथा स्वास्थ्य मन्त्रालयबाट गाडीसमेत दिएर पठाइएको थियो । प्रतिष्ठानको डिपीआरसहितका कामहरु अघि बढाइ भौतिक संरचनाका लागि बजेट समेत व्यवस्थापन गरिएको थियो ।

प्रतिष्ठानको परिकल्पनालाई मूर्त रुप दिन ५० शैय्याको अनुमति पाएको गजेन्द्रनारायण सिंह अस्पताललाई सुविधासम्पन्न अस्पताल बनाउन ४२० शैय्याको भौतिक संरचना निर्माण गरिएको छ । पूर्वउपप्रधानमन्त्रीसमेत रहेका यादवको निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत चार करोड रुपैयाँको लागतमा अत्याधुनिक नर्सिङ कलेज भवन निर्माण सम्पन्न गराइएको थियो । हालको जनप्रतिनिधिको नाताले राजविराजमै नर्सिंग कलेज सञ्चालन गराउनुपर्नेमा अत्याधुनिक संरचना लथालिंग बन्न पुगेको छ ।

अस्पतलामा नयाँ दरबन्दी स्वीकृत गराइ सर्वसाधारणलाई गुणस्तरीय सेवा प्रदान गर्नुपर्नेमा अत्याधुनिक भौतिक पूर्वाधार हुँदाहुँदै सर्वसाधारण धरान, विराटनगरलगायतका शहरहरु धाउन बाध्य छन् । त्यस्तै राजविराजस्थित महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसमा इन्जिनियरिंग कलेज भवन निर्माण सम्पन्न भइ हस्तान्तरण भइसकेको छ । पठनपाठनको अनुमति तथा कक्षा सञ्चालन गर्न पहल नहुँदा औचित्यहीनको अवस्थामा छ । यस्ता अनेकन योजनाहरु वर्तमान प्रतिनिधिसभा सदस्यको नाताले स्वामित्व ग्रहण गर्दै अगाडि बढाउनुपर्नेमा त्यसै अलपत्र छाडेको भन्दै स्थानीयवासीहरुले राउतको विरोध गरे ।

तात्कालीन समयमा प्रधानमन्त्री ओलीको सरकारमा गठन आदेशबाट प्रतिष्ठानको गठन भए पनि पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा म्याद नथपिएपछि त्यसको औचित्य समाप्त भइसकेको भन्दै जनमत पार्टीका अध्यक्ष डा. राउतले जिकिर गरे । म्याद थप नभएपछि निर्माण कार्य स्थगित भएको अवस्थामा आफूले पहल गरेर पुनः नयाँ तवरबाट काम अगाडि बढाउन शिलान्यास गरिएको उनको दाबी छ । अध्यक्ष राउतले विगतको कुरालाई बेवास्ता गरे पनि पुरानै भौतिक संरचनाको नापनक्सा अनुसार नै सोही जग्गामा सोही डिपीआर अनुरुपको काम गरेर जनताको दिग्भ्रमित पार्न खोजेको भन्दै सामाजिक सञ्जालमा उनको आलोचना हुन थालेको छ ।

प्रधानमन्त्री ओलीले चार वर्ष अघि शिलान्यास गरिएको अवस्थामा एउटै योजनालाई फेरि पनि दोश्रो पटक शिलान्यास गरिएको कार्यलाई जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले 'फन्टुस' र स्टन्टबाजको संज्ञा दिए । उनले जो कोहीले पनि जनतामा भ्रम छर्नुको साटो परिणाममुखी कार्य गर्न नसक्नु दुःखद अवस्था रहेको टिप्पणी गरे ।






# कञ्चनपुर-कमला सडक विस्तार: लहानमा 'ओभरपास' निर्माण थालियो

सिरहा । पूर्वपश्चिम राजमार्गअन्तर्गत कञ्चनपुर-कमला सडक विस्तारका क्रममा लहानचोकमा 'ओभरपास' निर्माणको सुरु भएको छ । 'चाइना रेलवे-२ इञ्जिनियरिङ ग्रुप'ले 'ओभरपास' निर्माण थालेको हो ।

सप्तरीको कञ्चनपुरबाट सिरहाको कमलासम्म ८६ दशमलव ८३ किलोमिटर लम्बाइमध्ये पश्चिम (सिरहा) का सूचना अधिकारी सरोज कोइरालाका अनुसार अन्तरराष्ट्रिय मापदण्डअनुसारका ३२ मिटर चौडा दुई ओभरपास निर्माण हुने छन् । मिर्चैयाको चोकमा पनि 'ओभरपास' निर्माण प्रारम्भ भएको छ । यो सडक खण्डमा पाँचवटा 'अण्डरपास' निर्माण हुने छन् । लहानमा अण्डरपास पनि धमाधम बन्दैछन् ।

आयोजनाको कुल लागत रु १५ अर्ब ६६ करोड ४४ हजार



खण्ड बलानबाट कमलासम्म ४७ किलोमिटर खण्डाको ६२ प्रतिशत काम पूरा भएको छ । लहान चोकमा रहेको सहिद स्मारक हटाएसँगै 'ओभरपास' निर्माण थालिएको हो ।

कञ्चनपुर-कमला सडक आयोजना पश्चिम खण्ड (सिराहा) ९८३ छ । पूर्वीखण्ड (सप्तरीको कञ्चनपुरबाट कुशहासम्मको ३९ किलोमिटर स्तरोन्नति गर्न रु सात अर्ब २७ करोडमा ठेक्का लागेको छ । यस खण्डमा करिब ६० प्रतिशत भौतिक प्रगति भएको जानकारी उहाँले दिनुभयो ।रासस

# राष्ट्रिय पत्रकारिता दिवस मनाइँदै




काठमाण्डु ।बुधबार विभिन्न कार्यक्रम गरी '१०औं राष्ट्रिय पत्रकारिता दिवस' मनाइएको छ । गोरखापत्र प्रकाशन भएको दिनको अवसर पारेर वैशाख २४ गते अर्थात् आजको दिनलाई राष्ट्रिय पत्रकारिता दिवस मनाउने गरिन्छ ।

सरकारले २०७३ सालमा पत्रकारिता दिवस राष्ट्रिय रुपमै मनाउन मान्यता दिएपछि यो दिवस वैशाख २४ गते मनाउन थालिएको हो । विसं १९५८ वैशाख २४ गतेदेखि साप्ताहिक रुपमा गोरखापत्रको प्रकाशन सुरु भएको हो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव एवं प्रवक्ता गजेन्द्रकुमार ठाकुरले दशौँ पत्रकारिता दिवसले पत्रकारिता जगतलाई प्रोत्साहित र जिम्मेवार पत्रकारिताको विकासका साथै नयाँ पुस्तालाई हौसला र प्रेरणा प्रदान गर्नेमा विश्वास व्यक्त गर्नुभयो । उहाँले राज्यको चौथो अङ्गका रुपमा रहेको पत्रकारिता क्षेत्रको विकास प्रवर्द्धन र यसमा लागेकालाई हौसला प्रदान गर्न पत्रकारिता क्षेत्रमा योगदान गर्ने विशिष्ट व्यक्तिहरुलाई सम्मान गरेर राज्यले कदर गरेको उल्लेख गर्नुभयो ।

'विश्वसनीय सूचनाको आधार : जवाफदेही पत्रकारिता र सुरक्षित पत्रकार' भन्ने मूल नाराका साथ पत्रकारिता दिवस मनाइँदैछ ।

पत्रकारिता दिवसको अवसरमा देशभर विभिन्न कार्यक्रम गरिनेछ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको आयोजनामा आज दिउँसो १ बजे राष्ट्रपति भवन शीतल निवासमा विशेष समारोह आयोजना हुँदैछ ।

त्यस अवसरमा राष्ट्रपति रामचन्द्र पौडेलले पत्रकारिता क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तित्वलाई पुरस्कारसहित सम्मान गर्नुहुने कार्यक्रम छ ।

मन्त्रालयका अनुसार सो समारोहमा नेपालको पत्रकारिताका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने दुई जनालाई वरिष्ठ पत्रकार सम्मान प्रदान गरिने छ । पुरस्कारको राशि रु दुई लाख र कदरपत्र रहेको छ ।

यस्तै रु एक लाख र कदरपत्रसहित छ जनालाई राष्ट्रिय पत्रकारिता पुरस्कार प्रदान गरिनेछ । पत्रकारिता दिवसका अवसरमा सरकारले निष्पक्ष, उत्तरदायी, व्यावसायिक, खोजमूलक र विश्लेषणात्मक पत्रकारिताका माध्यमबाट राष्ट्रिय हितको प्रवर्द्धन र जनतालाई सुसूचित गराउन योगदान पुऱ्याएका पत्रकार र आमसञ्चारसम्बन्धी संस्थालाई सम्मान गरिने भएको हो ।

पत्रकारिताको माध्यमबाट राष्ट्रिय हितको प्रवर्द्धन र जनतालाई सुसूचित गराउन योगदान पुऱ्याएका पत्रकारलाई प्रोत्साहन र सम्मान स्वरुप हरेक वर्ष प्रदान गरिने राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मानबाट यसवर्ष सम्मानित व्यक्तिहरुलाई राष्ट्रपति रामचन्द्र पौडेलबाट पुरस्कार एवं सम्मान प्रदान गर्ने कार्यक्रम रहेको मन्त्रालयले जनाएको छ ।

गोरखापत्र संस्थानले 'गोरखापत्र' प्रकाशनको १२५औं वर्ष प्रवेश तथा संस्थानको ६३औं वार्षिकोत्सवका उपलक्ष्यमा राष्ट्रियसभा गृहमा प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा कार्यक्रमको आयोजना गर्दैछ ।रासस

# स्वतन्त्र र निष्पक्ष पत्रकारिता बिना लोकतन्त्रको कल्पना गर्न सकिन्न: राष्ट्रपति



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको राजनीतिक, सामाजिक, सांस्कृतिकलगायतका हरेक परिवर्तनहरूमा नेपाली पत्रकारिता जगत्को भूमिका उल्लेखनीय रहेको बताउनुभएको छ ।

राष्ट्रिय पत्रकारिता दिवसका अवसरमा सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले बुधबार आयोजना गरेको वरिष्ठ पत्रकार सम्मान तथा राष्ट्रिय पत्रकारिता पुरस्कार वितरण कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले पत्रकारिता परिवर्तनको वाहक र राष्ट्र निर्माणको सशक्त तथा प्रभावकारी माध्यम भएको बताउनुभयो ।

राष्ट्रपति पौडेलले स्वतन्त्र, निष्पक्ष र तटस्थ पत्रकारिताका लागि लोकतन्त्र अनिवार्य शर्त भएकाले पत्रकारिता विना लोकतन्त्रको कल्पना गर्न नसकिने स्पष्ट पार्नुभयो ।

"त्यही भएर हाम्रो संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूत गरेको हो, संविधानको यो मर्म र भावनाअनुसार पत्रकारलाई निर्भय र स्वतन्त्रतापूर्वक समाचार सम्प्रेषण गर्ने वातावरण निर्माण गर्नु राज्यको दायित्व हो", उहाँले भन्नुभयो, "त्यसैगरी सत्यतथ्य समाचार सम्प्रेषण गरेर जनतालाई सुसूचित गर्ने जिम्मेवार प्रेसको धर्म हो, यसतर्फ नेपाली प्रेस सदैव सजग र चनाखो हुनेनै छ भन्ने मैले विश्वास लिएको छु ।"

राष्ट्रपति पौडेलले समाचार लेखेकै आधारमा पत्रकार असुरक्षित हुनुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने बताउँदै सुरक्षित र जोखिममुक्त वातावरणमा समाचार सङ्कलन र सम्प्रेषण गर्ने अवस्थाको सुनिश्चिततातर्फ सबैको ध्यान जान आवश्यक रहेको बताउनुभयो ।

उहाँले सूचना प्रविधिको विकाससँगै बढ्दो सामाजिक सञ्जाल र नागरिक पत्रकारिताको प्रयोगले आधारहीन र मिथ्या सूचना सम्प्रेषणबाट जनतालाई दिग्भ्रमित पार्नसक्ने खतराको सामना गर्नु वर्तमान आम सञ्चारमाध्यमको चुनौती भएकाले यस्ता चुनौतीको सामना गर्न नेपाली प्रेस सक्षम हुने विश्वास व्यक्त गर्नुभयो ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई अझै बलियो बनाउँदै जनताले अपेक्षा गरेको सुशासन, विकास र आर्थिक समृद्धिको युगानुकूल चाहनालाई पूरा गर्ने अभियानमा नेपाली प्रेसले अझ प्रभावकारी ढङ्गले काम गर्नेमा आफू विश्वस्त रहेको राष्ट्रपति पौडेलको भनाइ थियो ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले पत्रकारितालाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक कानुन बनाउने र परिमार्जन गर्ने कार्य सरकारबाट भइरहेको जानकारी दिनुभयो । "कानुनी हिसाबले पनि सङ्क्रमणकालीन अवस्था नै छ, कानुन बनाउने क्रम जारी छ", मन्त्री गुरुङले भन्नुभयो, "पत्रकारिता पेसालाई थप व्यवस्थित र मर्यादित बनाउन जरुरी छ ।"

नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले पत्रकारिता क्षेत्रमा आर्थिक सङ्कटका साथै व्यावसायिक चुनौती बढ्दै गएको र पत्रकारको पेसागत तथा भौतिक सुरक्षामा राज्यले ध्यान दिनुपर्ने बताउनुभयो । नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष विपुल पोखरेलले नेपाली प्रेसले संसारकै सक्षम र दक्ष पत्रकार उत्पादन गर्नुपर्ने, त्यसका लागि सूचना प्रविधिको प्रयोगसँगै पत्रकारितालाई अझ व्यवस्थित र मर्यादित बनाउनुपर्नेमा जोड दिनुभयो ।

सो अवसरमा पत्रकार महासङ्घका पूर्वअध्यक्ष विपुल पोखरेल र प्रेस चौतारी नेपालका पूर्व अध्यक्ष गणेश बस्नेतलाई वरिष्ठ पत्रकार सम्मान-२०८१ प्रदान गरियो । राष्ट्रिय पत्रकारिता पुरस्कार २०८१ विमल गौतम (बाग्लुङ), दीपेन्द्र श्रेष्ठ (कास्की), लोग्शरी कुँवर (कैलाली), दीपेन्द्र बान्तवा (सङ्खुवासभा), डिल्लीराम खतिवडा (उदयपुर) र सागर पण्डित (तनहुँ) लाई प्रदान गरिएको थियो ।

**सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले पत्रकारितालाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक कानुन बनाउने र परिमार्जन गर्ने कार्य सरकारबाट भइरहेको जानकारी दिनुभयो ।**

राष्ट्रपति रामचन्द्र पौडेलले उक्त पुरस्कार प्रदान गर्नुभएको थियो । वरिष्ठ पत्रकार सम्मान-२०८१ को राशि रु दुई लाख र राष्ट्रिय पत्रकारिता पुरस्कार-२०८१ रु एक लाख राशि रहेको थियो ।रासस

# नीति तथा कार्यक्रममा स्पष्ट नभएको जनमोर्चाको टिप्पणी



काठमाण्डु । राष्ट्रिय जनमोर्चा नेपालले सरकारले संसदमा प्रस्तुत गरेको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रममा अर्थतन्त्रलाई चलायमान गर्ने कुनै पनि विषय समावेश नभएको टिप्पणी गरेको छ ।

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले विज्ञप्तिमार्फत दशकौँदेखि वार्षिक नीति तथा कार्यक्रममा समावेश गरिँदै आएका तर कार्यान्वयन नगरिएका नीतिहरूको पुनरावृत्ति भएको बताउनुभएको छ ।सो पार्टीले वार्षिक नीति तथा कार्यक्रम ल्याउँदा सरकारका प्राथमिकताका क्षेत्र छुट्याउने गरेको, प्राथमिकता क्षेत्रको स्पष्ट खाका ल्याउने गरिएपनि यसपटक कुनै प्राथमिकताको क्षेत्र नतोकिएको उल्लेख गरेको छ ।

जनमोर्चाले भनेको छ, "नीति तथा कार्यक्रमको लक्ष्य र गन्तव्य नै स्पष्ट छैन ।" जनमोर्चाले गणतन्त्र, धर्मनिरपेक्षता तथा समावेशीतालाई रक्षा गर्दै संविधानको संशोधनको आवश्यकतामाथि जोड दिएको जनाएको छ ।विज्ञप्तिमा भनिएको छ "भूमिमाथि सामन्ती स्वामित्व कायम राखेर, निजीकरण, उदारीकरणमा जोड दिएर समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण हुन सक्दैन । समाजवाद उन्मुख अर्थतन्त्रको निर्माणका लागि सामन्ती भूस्वामित्वको अन्त्य हुनुपर्छ ।"

सरकारको नीति र कार्यक्रमले दलित समुदायलाई आर्थिक सामाजिक तथा शैक्षिक क्षेत्रमा बलियो बनाउन कुनै नीति अगाडि नसारेको पनि जनमार्चाले उल्लेख गरेको छ ।रासस

## केन्द्रीय सुरक्षा समिति बैठक:
# सीमा र विमानस्थलमा निगरानी बढाइने

काठमाण्डु । गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा आज गृहमन्त्रालयमा केन्द्रीय सुरक्षा समितिको बैठक बस्यो ।

भारत-पाकिस्तानबीच द्वन्द्वको अवस्था सिर्जना भएपछिको विकसित घटनाक्रम र त्यसले पार्नसक्ने प्रभाव, आन्तरिक सुरक्षालगायतका विषयमा बैठकमा छलफल भएको गृहमन्त्रालयले जनाएको छ ।

मुलुकमा अवाञ्छित गतिविधि हुन नदिने उद्देश्यका साथ नेपाल-भारत सीमा र विमानस्थललगायतका संवेदनशील क्षेत्रमा निगरानी बढाउने र सुरक्षा संयन्त्रलाई उच्च सर्तक अवस्थामा राख्ने निर्णय भएको गृहमन्त्रालयका प्रवक्ता रामचन्द्र तिवारीले बताउनुभयो ।

भारत र पाकिस्तानमा सिर्जना भएको तनावपछि विकसित घटनाक्रम र त्यसले नेपाललाई पार्नसक्ने प्रभाव, सम्भावित चुनौती र भारत र पाकिस्तानमा रहेका नेपाली नागरिकको सुरक्षाका विषयमा पनि बैठकमा छलफल भएको उहाँले जानकारी दिनुभयो ।

"आन्तरिक सुरक्षातर्फ गर्नुपर्ने थप तयारी, समन्वय र सूचना आदानप्रदानलगायतका विषयमा कुराकानी भएको छ", प्रवक्ता तिवारीले भन्नुभयो, "सीमानाकादेखि विमानस्थलसम्मको सुरक्षा व्यवस्थामा विशेष निगरानीसहित चुस्तदुरुस्त बनाउने, राष्ट्रिय तथा आन्तरिक सुरक्षा व्यवस्था सुनिश्चित तुल्याउने, सम्भावित चुनौतीको सामना गर्नेलगायत समसामयिक विषयमा बैठकमा छलफल भएको छ ।"रासस

# सांसदहरुद्वारा समसामयिक विषयमा सरकारको ध्यानाकर्षण



काठमाण्डु । प्रतिनिधिसभाको बुधबारको बैठकमा आकस्मिक समयमा सांसदहरुले समसामयिक विषयमा सदन मार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

बैठकमा सांसद महेशकुमार बर्तौलाले बुधबार बिहान मकवानपुर जिल्लाको राक्सिराङ्मा भएको (सवारी साधन ) बोलेरो दुर्घटनामा १० जना घाइते भएकामा छ जनाको अवस्था चिन्ताजनक रहेकाले घाइतेको उपचारका लागि सरकारसँग माग गर्नुभयो ।

सांसद माधव सापकोटाले धितोपत्र बोर्डमा 'कमिसन'का कारण 'आइपिओ' रोकिएको समाचार आएकाले यस विषयमा छानबिन गर्ने व्यवस्थाका लागि सरकारलाई 'रुलिङ' गर्न सभामुखसँग माग गर्नुभयो ।

सांसद रोशन कार्कीले आइपिओ जारी गर्न पाँचदेखि सात प्रतिशतसम्म कमिसन मागेको कुराको यथार्थ छानबिन गर्न माग गर्नुभयो । बैठकमा सांसद योगेन्द्र मण्डलले गत चैत ५ गते भएको आगलागीका घटनामा साढे तीन वर्षकी बालिका जलेर मृत्यु भई परिवार अहिले पनि मदरसाको शरणमा रहेकाले यथोचित व्यवस्था गर्न माग गर्नुभयो ।

सांसद ठाकुरप्रसाद गैरेले गैरआवासीय नेपाली सङ्घको कार्यकाल नसकिइ अर्को समिति बनेको समाचार आएकाले यसको वास्तविकता के हो भनी खोजी माग गर्नुभयो ।रासस

**Loharpatti Municipality**
**Office of Municipal Executive**
**Loharpatti, Mahottari**

**INVITATION FOR ONLINE BID (IFB/SQ/WORKS/LM/2081/82/07)**


**Date of publication: - 2082/01/25 B.S. (8th May 2025 AD)**

1. Loharpatti Municipality invites following electronic bids from eligible national bidders under national competitive bidding.
2. The details of the project is as following.

| Contract ID | Description of works | Estimated Amount | Bid security Amount (NRS) | Bid document Fee (NRS) | Bid Validity/Bid Bond validity period | Last date of bid Document Purchase | Last date of bid Submission | Bid opening Date and place |
|---|---|---|---|---|---|---|---|---|
| SQ/WORKS/LM/2081/82/07 | Shree ramdev janta uch madhyamik vidyalaya chhetra ma purbadhar nirman karya (Loharpatti Municipality -7, Bhramarpura) | NRs. 19,31,823.97 (Including Vat & PS) | NRs 45,000.00 | NRs 1,000.00 | 45days/75 days after last date of bid submission | 23rd May, 2025, 12:00 PM | 23rd May, 2025, 12:00 PM | 23rd May, 2025, 14:00 PM |


3. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank :-** NIC Asia Bank, **Name of Office :-** Loharpatti Municipality.
   **Office Code no. :-** 801021810 , **Office Account no. :-** 1362050028753002
   **Account Name :-** GA 1.1 ANTARIK RAJASHWA KHATA – LOHARPATTI MUNICIPALITY
4. Cash Deposit Account for Bid Security:
   **Bank Name :-** NIC Asia Bank **Bank Address :-** Loharpatti Municipality.
   **Account holder's Name :-** Loharpatti Municipality. **Account Number:** D6CA000929952403
   **Account Name :-** GA 3-DHARAUTI KHATA-LOHARPATTI MUNICIPALITY
3. Eligible Bidders may contact Loharpatti Municipality at 9854031520 and obtain further information from PPMO's Website www.bolpatra.gov.np./egp.

**Chief Administrative Officer**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

# बागमती प्रदेशमा भाषा दिवस



गणेश राई

बागमती प्रदेश सरकारले पहिलोपटक वैशाख २४ 'सरकारी कामकाजको भाषासम्बन्धी दिवसको अवसरमा बागमती प्रदेशभर सार्वजनिक विदा'को घोषणा गरेको छ ।

प्रदेशसभाले पारित गरेको 'प्रदेश सरकारी कामकाजको भाषा ऐन, २०८०' लागू भएको २०८१ वैशाख २४ गतेको दिनलाई भाषा दिवस मनाउन थालिएको हो । सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माण भएपछि जारी संविधान अनुकूल बागमती प्रदेशले जारी गरेको भाषा ऐन एक ऐतिहासिक रूपमा लिइएको छ ।

नेपालको संविधान (२०७२)को धारा-६ मा 'नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् ।' धारा-७ (१) मा 'देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ । उपधारा (३) भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुनेछ' भन्ने उल्लेख छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार मुलुकमा १४२ जातजाति छन् भने १२४ भाषा बोलिन्छन् ।

बागमती प्रदेशले नेपाली भाषाका अतिरिक्त तामाङ र नेपाल भाषालाई सरकारी कामकाजी भाषा बनाउन जारी गरेको भाषा ऐन अहिले कार्यन्वयनको चरणमा छ । नेपाली भाषा बाहेक प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने भाषाको संरक्षण, सम्बर्द्धन तथा विकास गरी सरकारी कामकाजलाई सरल र सहज बनाउने उद्देश्यका साथ ऐन ल्याइएको हो । सबै जातजातिमध्ये पाँचौं स्थानमा रहेको तामाङ जातिको कूल जनसङ्ख्या १६ लाख ३९ हजार ८६६ जना रहेको छ । तीमध्ये बागमती प्रदेशमा तामाङ जातिको जनसङ्ख्या १२ लाख १६ हजार ५१७ रहेका छन् । तामाङ भाषा बोल्नेको कुल जनसङ्ख्या १४ लाख २३ हजार ७५ जनामध्ये ११ लाख ४४२ जना बागमती प्रदेशमा रहेका छन् ।

यसैगरी छैटौं स्थानमा रहेको नेवाः (नेवार) जातिको कूल जनसङ्ख्या १३ लाख ४१ हजार ३६३ जना रहेको छ । बागमती प्रदेशमा नेवाः जातिको जनसङ्ख्या नौ लाख ५२ हजार ४६० रहेको छ । नेपालभाषा (नेवारी) बोल्नेको कुल जनसङ्ख्या आठ लाख ६३ हजार ३८० जना छन् । तीमध्ये बागमती प्रदेशमा नेपालभाषा बोल्नेको जनसङ्ख्या सात लाख २२ हजार ९४३ जना रहेका छन् ।

ऐनअनुसार बागमती प्रदेश सरकारको नियमन क्षेत्रभित्र रहेका सरकारी निकाय, सार्वजनिक संस्था तथा प्रतिष्ठानलगायतमा सो भाषालाई सरकारी कामकाजमा प्रयोग हुनेछ । यो ऐन कार्यान्वयनमा आएपछि प्रदेशभित्रका सबै सरकारी दस्तावेजहरू तामाङ र नेपाल भाषामा अनुवाद गरी अभिलेखीकरण र दस्तावेजीकरण गरिनुपर्ने व्यवस्था गरिएको छ । प्रदेश सरकारले राजपत्र प्रकाशित गर्दा नेपाली भाषाका अतिरिक्त तामाङ र नेपाल भाषामा समेत प्रकाशन गर्नुपर्ने यो ऐनमा उल्लेख छ । तामाङ र नेपाल भाषाको व्यावहारिक र प्रभावकारी बनाउन भाषा संरक्षण र प्रवर्द्धनका कार्यक्रम सञ्चालन हुने उल्लेख छ । साथै भाषा प्रयोग गर्नका लागि मानकीकरण, स्तरीकरण, आधुनिकीकरण र व्यवस्थित बनाउन कम्प्युटर प्रोग्राम, उपकरण तथा भाषा अनुवादजस्ता प्रविधि र यन्त्रको समेत व्यवस्था गर्नुपर्ने हुन्छ । प्रदेश सकारले भाषाको प्रयोगलाई बढाउन विज्ञ समूह गठन गर्नुपर्ने उल्लेख छ ।

बागमती प्रदेशसभामा ११० जना सदस्य छन्, जसमध्ये ६६ जना पहिलोपटक मतदानमार्फत निर्वाचित हुन्छन् भने ४४ जना समानुपातिकतर्फबाट निर्वाचित हुने व्यवस्था छ । प्रदेशसभा सदस्यमध्ये १४ जना तामाङ र ३५ जना नेवार सदस्य छन् । ऐन जारी भएपछि प्रदेश संसद्मा तामाङ भाषा र नेपालभाषाको एक-एक जना भाषा अनुवादक नियुक्त गरेका छन् ।

प्रदेश सरकारको सहयोगमा भाषा मानकीकरणको काम भइरहेको बताउनुहुन्छ । "भाषा मानकीकरण गर्ने चरणमा समुदायसम्म पुग्ने क्रम जारी छ", उहाँ भन्नुहुन्छ, "सबैभन्दा गाह्रो भनेको जनप्रतिनिधिहरू, राजनीतिक दलका नेताहरूको भाषासम्बन्धी बुझाइ कमजोर रहेको पाएका छौं । उहाँहरू मातृभाषालाई बोझ सम्झिने गरेको पायौं जसका कारण समुदायलाई मातृभाषाको महत्व बुझाउन गाह्रो भइरहेको छ ।" तामाङ भाषा काठमाडौं उपत्यका, रसुवा, नुवाकोटमा बोलिने फरक भाषिकाहरू रहेका छन् ।

यसैगरी नेवाः देय दबूका अध्यक्ष पवित्र बज्राचार्य भाषा ऐन जारी भएयता चाहे जति सरकारी कामकाजको भाषा लागू हुन ढिलाइ भइरहेको बताउनुहुन्छ । नेपाल भाषा काठमाडौं, ललितपुर, भक्तपुरको भाषिका केही फरक छन् भने दोलखाको भाषिका अझ फरक रहेको उहाँ बताउनुहुन्छ । "हामीले भाषा मानकीकरण गर्दै गर्दा जनप्रतिनिधिलाई अभिमुखीकरण गर्नुपर्ने आवश्यक ठानेका छौं", उहाँ भन्नुहुन्छ, "शब्दकोश निर्माण, बालबालिकाहरू निम्ति पाठ्य सामग्रीका निम्ति कार्टुन निर्माणलगायत विविध पक्षमा ध्यान दिनुपर्ने स्थिति छ ।" नेपाल भाषा लेखनमा रञ्जना लिपि प्रयोग हुने क्रम जारी छ ।

> संविधानले निर्दिष्ट गरेअनुसार मधेस प्रदेशसभाले सरकारी कामकाजको भाषा आवश्यक प्रक्रिया अघि बढाएर अघि बढेको तर केही सिलसिला नमिले पछाडि हटेको स्थिति छ । गण्डकी प्रदेशले गुरुङ र मगर भाषालाई चाँडै सरकारी कामकाजको भाषा बनाउन ऐन जारी गर्ने अपेक्षा गरिएको छ । कोशी प्रदेश र लुम्बिनी प्रदेशमा भाषा ऐनको मस्यौदा तयारी भएको भाषा आयोगका सदस्य मानन्धरको कथन छ ।

तर ऐन कार्यान्वयनका निम्नि नियमावली बनाउने तथा विज्ञ समूह गठन गर्नेतर्फ सरकारले तदारुकता देखाउन नसकेको भाषा आयोगका पूर्वसदस्य तथा भाषाविद् अमृत योन्जन तामाङको भनाइ छ । नियमावलीको अभावमा सरकारी कामकाजी भाषा कार्यान्वयनमा अड्चन आएको छ । प्रदेश सरकारले विज्ञ समूह गठन गरेर सरकार आफैँले गराउनुपर्ने कामलाई सम्बन्धित जातिको सामाजिक संस्था नेपाल तामाङ घेदुङ र नेवाः देय दबूलाई जिम्मेवारी दिएर गराउन नहुने उहाँको तर्क छ ।

भाषा आयोगका सदस्य तथा नेपाल भाषा टाइम्सका सम्पादक सुरेशकिरण मानन्धर भने प्रदेश सरकारको ध्यानाकर्षण गराउँदै आएको र ऐन जारी भएपछि काम सुस्त गतिमा भइरहेको बताउनुहुन्छ । "ऐनअनुसार विज्ञ समूह गठन गर्दा प्रदेश मन्त्रालयले पूर्ण जिम्मेवारी लिनुपर्ने हुन्छ तर कर्मचारी पोख्त हुन्नन्", उहाँ भन्नुहुन्छ, "व्यवहारिक हिसाबले दबू र घेदुङलाई जिम्मेवारी दिँदा राम्रो हुने ठानिएको हुनुपर्छ । तर भाषा विज्ञान सम्मत काम गर्नका निम्ति ती संस्थाले विज्ञसँग समन्वय गरेकै हुनुपर्छ ।"

नेपाल तामाङ घेदुङका अध्यक्ष मोहन गोले तामाङ प्रदेश सरकारको सहयोगमा भाषा मानकीकरणको काम भइरहेको बताउनुहुन्छ ।

सरकारी कार्यालय, विद्यालय, विभिन्न सङ्घसंस्थाहरूको साइनबोर्डलाई नेपाली, अङ्ग्रेजी, रञ्जना लिपि र सम्भोटा (उछेन/तामयिग) लिपिमा लेखेर टाग्ने क्रम बढेको छ । त्यसैगरी समुदायमा मातृभाषा प्रशिक्षण र लिपि प्रशिक्षण कार्य तीव्र ढङ्गले अघि बढेको अभियन्ता बताउँछन् ।

### केयुमा एकवर्षे बिएड

विभिन्न प्रदेश सरकारले नेपालीका अतिरिक्त बहुसङ्ख्यकले बोल्ने भाषा सरकारी कामकाजको भाषा लागू गर्न ऐन जारी गर्ने क्रम बढेको छ । यसरी प्रदेशको सरकारी कामकाजको भाषा लागू गर्ने क्रमलाई मध्यनजर गरेर काठमाडौं विश्वविद्यालय (केयु)ले २०८२ वैशाख १७ गते नेपालभाषा, तामाङ भाषा, लिम्बू भाषा र मैथिली भाषामा एकवर्षे बिएड (ब्याचलर्स इन एडुकेसन) कोर्स पढाउने घोषणा गरेको छ ।

त्रिभुवन विश्वविद्यालयले चारवर्षे स्नातक लागू गरेपछि एकवर्षे बिएड कोर्स खारेज गऱ्यो । त्यसयता शिक्षाशास्त्रमा विभिन्न भाषा पढाउने विश्वविद्यालयको अभाव खड्किँदै आएको थियो । जुनसुकै विषयमा स्नातक तह अध्ययन पूरा गरेका विद्यार्थीले एकवर्षे बिएड अध्ययन गर्न पाउने प्रावधान छ । शिक्षा ऐनअनुसार बिएड गरेका व्यक्तिले शिक्षक सेवा आयोगबाट अध्यापन अनुमतिपत्र (शिक्षक लाइसेन्स) लिन सक्छ ।

शिक्षक लाइसेन्स लिएका जो सुकैले लोकसेवा आयोगले लिने परीक्षा भिड्न तथा विद्यालयको शिक्षक दरबन्दी काम गर्न पाउँछ । प्रदेश सरकारी कामकाजको भाषा लागू भएसँगै ती भाषा औपचारिक अध्ययन, अध्यापन र शिक्षण जनशक्ति उत्पादनमा एक वर्षे बिएड व्यवहारिक रूपमा उपयोगी हुने ठानिएको छ ।

### विद्यालयमा मातृभाषा पठनपाठन

पछिल्लोपटक ललितपुरको गोदावरी नगरपालिकाले शैक्षिक सत्र २०८२ देखि सामुदायिक विद्यालयमा तामाङ र नेपाल भाषा पढाउन पाँचजना भाषा शिक्षकको माग गरेको छ । नगरपालिकाले भाषा शिक्षकको न्यूनतम योग्यता कक्षा १२ तोकेको छ । यसो त काठमाडौं महानगरपालिकाले १७२ जना नेपालभाषा शिक्षक करार सेवामा नियुक्त ९० सामुदायिक विद्यालयमा कार्यरत छन् । कक्षा १ देखि ८ सम्म पढाउँछन् । ललितपुर महानगरपालिकामा नर्सरीदेखि तीन कक्षासम्म नेपाल भाषा पठनपाठन भइरहेको छ । पढाउन ४० जना शिक्षक कार्यरत छन् । कीर्तिपुर नगरपालिकामा कक्षा १-३ सम्म पठाउन १२ जना शिक्षक कार्यरत छन् । टोखा नगरपालिकाको दुईवटा वडामा नेपालभाषा कक्षा १ देखि ३ सम्म पठनपाठन हुँदैआएको छ ।

काठमाडौं महानगरपालिका नेपालभाषा समितिका सदस्य तथा अभियन्ता दीपक तुलाधरका अनुसार बूढानीलकण्ठ, चन्द्रागिरि, दक्षिणकाली, शङ्करापुर, तार्केश्वर नगरपालिकामा समेत मातृभाषी बाहुल्यताअनुसार तामाङ र नेपालभाषा पठनपाठनको प्रक्रिया अघि बढेको छ । महानगरका सामुदायिक विद्यालयमा मात्र नभई निजी विद्यालयमा समेत नेपाल भाषा पठनपाठन भइरहेको छ ।

यसैगरी भक्तपुर, मध्यपुरठिमी नगरपालिका, मकवानपुरको थाहा नगरपालिका, नुवाकोटको विदुर नगरपालिका, धादिङको दुईवटा गाउँपालिकाका विद्यालयहरूमा मातृभाषा पठनपाठनको पहलकदमी अघि बढेको छ ।

### अन्य प्रदेशमा सरकारी कामकाजको भाषा

संविधानले निर्दिष्ट गरेअनुसार मधेस प्रदेशसभाले सरकारी कामकाजको भाषा आवश्यक प्रक्रिया अघि बढाएर अघि बढेको तर केही सिलसिला नमिले पछाडि हटेको स्थिति छ । गण्डकी प्रदेशले गुरुङ र मगर भाषालाई चाँडै सरकारी कामकाजको भाषा बनाउन ऐन जारी गर्ने अपेक्षा गरिएको छ । कोशी प्रदेश र लुम्बिनी प्रदेशमा भाषा ऐनको मस्यौदा तयारी भएको भाषा आयोगका सदस्य मानन्धरको कथन छ ।


यस्तै कर्णाली प्रदेश र सुदूपश्चिम प्रदेश भने भाषा ऐनबारे मौन छन् । यसैगरी सङ्घीय संसद्ले अहिलेसम्म भाषा ऐन जारी गर्नेतर्फ चासो देखाएको छैन, जबकि भाषा आयोगले निर्माण ऐनको मस्यौदा तयार गरी बुझाइसकेको छ । मुलुकभित्र बोलिने कुनै पनि भाषा सम्बन्धित समुदायको मातृभाषा त हुँदै हो त्योभन्दा बढी राष्ट्रको अभौतिक सांस्कृतिक सम्पदा हो भन्नेतर्फ ध्यानाकर्षण हुन जरुरी छ । (लेखक भाषामा अभिरुचि राख्ने पत्रकार हुनुहुन्छ)रासस

## सम्पादकीय

# अलोकतान्त्रिक क्रियाकलाप बन्द गर

लोकतन्त्रको गहनाको रुपमा रहेको निर्वाचन प्रक्रियालाई बाधित गरी अलोकतान्त्रिक चरित्र प्रदर्शन गर्नु सुखद सन्देश होइन । लोकतन्त्र विधिको शासन हो । त्यसमा निर्वाचन पद्धति त्यसको सौन्दर्यको रुपमा रहेकोमा त्यसलाई स्वेच्छाचारी ढंगले आफ्नो अनुकूल बनाउन खोज्नु निश्चय पनि कुनै पनि दलका लागि शुभ कार्य मान्न सकिँदैन । लामो समयदेखि गुटगत ध्रुवीकरणले धनुषा जिल्लामा अधिवेशन अनिश्चित रहेको अवस्थामा हुन लागेको निर्वाचन अन्योलमा परेको छ । करिब एक वर्षदेखि अन्योलतामै रहेको एमाले जिल्ला अधिवेशन हुन लाग्दा पनि दुई पक्षबीच भएको आरोपप्रत्यारोपकै कारण निर्वाचन प्रक्रिया अघि बढ्न सकेको छैन । एमाले धनुषाको आठौं जिल्ला अधिवेशनमा निर्वाचन प्रक्रियाको विषयलाई लिएर दुई पक्षबीच भएको विवादले उग्ररुप लिँदा दिनभर झडप भयो । एमालेका केन्द्रीय सचिव रघुवीर महासेठ र केन्द्रीय सदस्य उमाशंकर अरगरिया समूहबीच भएको झडपमा एकअर्कालाई रडसमेत प्रहार गरी भएको कुटाकुटको क्रममा पाँचजना घाइते भए । अधिवेशनस्थलमा ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन भए पनि मुकदर्शक झैं प्रहरी टुलुटुलु हेरिरहयो । सर्वसम्मत रुपमा अविधेशन सम्पन्न नभएपछि निर्वाचन प्रक्रियामा जाने निश्चित भएसंगै मतदाता नामावलीमा विवाद सृजना भएपछि आक्रोशित दुबै समूहका कार्यकर्ताबीच कुटाकुट भएको थियो । विधान विपरीत परेको उम्मेदवारी खारेज गरेर शान्तिपूर्ण ढंगले मतदान प्रक्रिया अगाडि बढाउनुपर्ने अरगरिया पक्षको अडान थियो । तर रघुवीर समूहले उम्मेदवारी खारेज गराउन नहुने भन्दै तोडफोडमा उत्रेपछि झडप हुन पुग्यो । निर्वाचन प्रक्रिया थप एक दिन लम्बिए पछि अधिवेशन स्थल सुनसान थियो । निर्वाचनस्थल सुनसानसंगै निर्वाचन पनि अनिश्चित हुन पुगेको छ । नेता महासेठ र नेता अरगरियाको हठीका कारण एमालेभित्रको विवाद लथालिंग भएको छ । नेता महासेठले एक्लौटी रुपमा निर्वाचन समितिलाई प्रभावमा पारेर आफू अनुकूल समिति घोषणा गर्न खोजेको आरोपसंगै मतदाता नामावलीमा अनियमितता भएको आरोपकै कारणले गर्दा एमाले धनुषाको अधिवेशन अन्योलमा परेको देखिन्छ । भोला यादव (महासेठ गुट) र लक्ष्मीनारायण यादव (अरगरिया गुट)ले उम्मेदवारी दर्ता गराएका छन् । निर्वाचन प्रक्रियामा स्थायी कमिटी सदस्य तथा मधेश प्रदेश इन्चार्ज लिलानाथ श्रेष्ठको भूमिका स्पष्ट नभएको भन्दै उनीविरुद्ध नाराबाजी भएको थियो । नेकपा एमाले जस्तो पार्टीभित्र अह्मता र तानाशाही रुपमा एक्लौटी रुपमा कमिटी गठन गर्न खोज्नु लोकतन्त्र र कम्यूनिष्टको नाममा नवसामन्तको उत्थान र पतनको रुपमा यसलाई लिन सकिन्छ । यसबाट एमालेजनहरु सतर्क रहनु आवश्यक देखिन्छ ।

# राष्ट्रिय पत्रकारिता दिवसको सान्दर्भिकता



कृष्ण अधिकारी

वैशाख २४ गतेअर्थात् राष्ट्रिय पत्रकारिता दिवस । नेपाली भाषाको पहिलो पत्रिका गोरखापत्र प्रकाशनमा आएको सम्झनामा मनाइने यो दिवस समस्त नेपाली पत्रकारका लागि गौरवको दिन पनि हो । आजभन्दा १२५ वर्ष अघि १९५८ वैशाख २४ गतेदेखि प्रकाशनमा आएको यस पत्रिकाले एक प्रकाशनको सुरुआत मात्र नभई, अटुटरुपमा विचार अभिव्यक्तिको स्वतन्त्रताको प्रतीकको रुपमा आफ्नो पहिचान राख्न सफल भएको छ ।

सरकारले २०७३ सालमा पत्रकारिता दिवस राष्ट्रियरुपमै मनाउन मान्यता दिएपछि यो दिवस वैशाख २४ गते मनाउन थालिएको हो । यो दिन मुलुककै जेठो समाचारमूलक पत्रिका गोरखापत्रको मात्र वार्षिकोत्सव नभएर समस्त नेपाली पत्रकारिताको जग राखिएको दिनको रुपमा लिने गरिन्छ । सरकारले निष्पक्ष, उत्तरदायी, व्यावसायिक, खोजमूलक र विश्लेषणात्मक पत्रकारिताका माध्यमबाट राष्ट्रिय हितको प्रवर्द्धन र जनतालाई सुसूचित गराउन योगदान पुऱ्याएका पत्रकार र आमसञ्चारसम्बन्धी संस्थालाई सम्मान गर्ने भएकाले यस दिवसलाई राज्यले पनि आत्मसात् गरेको छ । यस वर्षको पत्रकारिता दिवसको नारा 'विश्वसनीय सूचनाको आधारः जवाफदेही पत्रकारिता र सुरक्षित पत्रकार' ले पनि लोकतन्त्रमा जनतालाई सुसूचित गराउन महत्वपूर्ण अगुवाइ गर्ने पत्रकारिता क्षेत्र र यसमा संलग्न पत्रकारहरुको पेसागत सुरक्षालाई महत्व दिइएको छ ।

पत्रकारिता कुनै पनि लोकतान्त्रिक समाजको आधारशिला हो । जनताको आवाजलाई सरकारसमक्ष पुऱ्याउने, समाजका विकृति र विसङ्गतिहरूलाई उजागर गर्ने र नागरिकलाई सूचित गर्ने कार्य पत्रकारिताले गर्छ । यसकारण पत्रकारिता केवल समाचारको माध्यम मात्र नभई यो परिवर्तनको शक्ति पनि हो । पत्रकारिताको अभावमा नागरिकले सूचना पाउने प्रणाली नै खत्तम हुनपुग्छ र एउटा अकल्पनीय अन्धकारमा समाज धकेलिन्छ । सूचनाको निर्वाध सम्प्रेषणबाट मात्रै प्रेस स्वतन्त्रता हुनसक्छ । लोकतान्त्रिक मुलुकमा सधैं प्रेसले अभिव्यक्ति स्वतन्त्रताको प्रयोग र रक्षाका लागि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसैले लोकतन्त्रको अभिन्न अङ्ग स्वतन्त्र प्रेस नै हो, लोकतन्त्रको अक्सिजन पनि हो । प्रेस स्वतन्त्रता समग्र समाजको लोकतान्त्रिकीकरणको अभियानको एउटा महत्वपूर्ण अङ्ग पनि हो । नागरिकहरूको सुसूचित हुन पाउने संवैधानिक हकलाई प्रचलनमा ल्याउनका लागि पनि प्रेस स्वतन्त्रता अनिवार्य हुन्छ । नेपालको संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूत गरी विश्व मञ्चमा लोकतान्त्रिक राज्यको बलियो उदाहरण दिएको छ ।

पत्रकारिताको शक्तिलाई विश्वव्यापीरुपमै धेरै वर्षअघिदेखि महसुस गर्दै यसको सही उपयोगमा जोड दिँदै आएको पाइन्छ । भारतका अर्थशास्त्री अमर्त्य सेनले 'जहाँ प्रेस स्वतन्त्रता रहन्छ, त्यहाँ कुनै पनि मानिस भोकै मर्दैन' भनेर यसको महत्वको दायरालाई झल्काएका थिए । यस्तै फ्रान्सका शासक नेपोलियन बोनापार्टले आफूलाई चार हजार दुश्मन सैनिकका सङ्गीनसँग भन्दा चार वटा विरोधी अखबारसँग डर लाग्ने बताएका थिए ।

त्यसैगरी अमेरिकी विद्वान् जोफर्सनले त ' मलाई सरकार वा अखवारमध्ये एक छान्न दिइयो भने निःसन्देह अखबार छान्नेछु । किनकी सरकार ढल्न सक्छ तर पत्रकारिता ढल्दैन' भनेबाट पनि पत्रकारिताको शक्ति सहजै महसुस गर्न सकिन्छ । पत्रकारले पनि त्यस शक्तिलाई दुरुपयोग नगरी देश र जनताको भलाइमा उपयोग गर्न सके जनविश्वास आर्जन गर्न सहयोग पुग्दछ । सूचनाको वास्तविकता, सत्यको जाँच तथा प्रमाणको पुष्टि हुनुपर्नेजस्ता पत्रकारिताका आधारभूत मान्यताबाट विचलित हुनुहुँदैन ।

नेपालको सन्दर्भमा पत्रकारिताले लामो सङ्घर्ष र बलिदानको इतिहास बोकेको छ । निरङ्कुश शासनदेखि प्रजातन्त्र र लोकतन्त्रको यात्रामा पत्रकारहरू जेलमा परे, यातना सहनुपऱ्यो, तर सत्य र न्यायको पक्षमा कलम चलाइरहेको छ । आजको स्वतन्त्र प्रेसको अवस्था त्यही सङ्घर्षको फल हो । मुलुकको हित, राष्ट्रिय स्वाभिमानको रक्षा र लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण सञ्चार जगतको मुख्य अभिष्ट मान्दै आएको छ । नेपाली पत्रकारिता जगतले जनसरोकारका सबैजसो विषयमा नागरिकलाई सुसूचित गराउँदै सार्वजनिक सेवा प्रदायकलाई जनताका आवश्यकताको बारेमा पृष्ठपोषण प्रदान गरी सञ्चार सेतुको रूपमा काम गरिरहेको छ ।

पत्रकारिता क्षेत्रले समाजमा रहेका विकृति-विसङ्गतिलाई उजागर गर्नुका साथै राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान गर्ने व्यक्तित्वहरूलाई ओझेलबाट प्रकाशमा ल्याउन समेत भूमिका खेलिरहेको हुन्छ । राजनीतिक परिवर्तनका घटनाहरु हुन् वा प्राकृतिक विपद्का समयमा आमजनतालाई सचेत र सतर्क बनाउनुका साथै सही सूचना सम्प्रेषण गरी राज्यका जिम्मेवार निकायलाई सही मार्गमा हिँड्न वा उपयुक्त प्रतिकार्य रणनीति निर्माणका लागि समेत पत्रकारिता क्षेत्रले महत्वपूर्ण सहयोग पुऱ्याउँदै आएको छ । सामाजिक सञ्जालको व्यापकताका कारण सूचना प्रवाह गर्ने पहुँच अब पत्रकारिताको औपचारिक क्षेत्रभन्दा धेरै विस्तार भएको छ । तर यसो भन्दैमा सामाजिक सञ्जालले ल्याएको विकृतिको प्रभावलाई समग्र पत्रकारिता क्षेत्रसँग जोडेर हेर्ने प्रवृत्तिले एकातिर इमान्दार, निष्ठा र धर्मको पालना गर्ने सञ्चार गृह र पत्रकारहरुमाथि अन्याय भएको छ भने अर्कोतिर क्षणिक मनोरञ्जनमा रमाउँदै जाँदा समाज विखण्डनको खाडलतिर भासिँदै गएको छ । राज्यको चौथो अङ्गको रूपमा समाजले सम्मान प्रदान गरेको हुनाले जिम्मेवारीपूर्ण सन्तुलित र तथ्ययुक्त सूचना सम्प्रेषणबाट मात्र पत्रकारिता क्षेत्रको विश्वसनीयता कायम राख्न सकिन्छ । त्यसैले आज विश्वसनीय सूचनाको आधारको निर्माण गरी जवाफदेही पत्रकारितालाई प्रोत्साहनको खाँचो छ भने र पत्रकारहरुले पनि सुरक्षित वातावरणमा काम गर्ने अवस्थाको सुनिश्चित हुनुपर्ने देखिन्छ ।





नेपाली पत्रकारिता क्षेत्र अझै पनि सुरक्षाका दृष्टिकोणले सन्तोष गर्न सकिने अवस्थामा छैन । आज पनि पत्रकारिता राजनीतिक दबाब, आर्थिक अस्थिरता, फेक न्युजको प्रवृत्ति, सामाजिक सञ्जालको दुरुपयोगजस्ता विभिन्न चुनौतीसँग जुधिरहेको छ । कतिपय चुनौती समयले ल्याइदिएको छ भने कतिपय प्रविधिले, अनि कतिपय व्यक्तिका प्रवृत्तिले । भौतिक हमला र पेसागत असुरक्षा दुवैले पत्रकारहरुलाई त्रासमा राखेको अवस्था छ भने इन्टरनेटमा आधारित प्रविधिको प्रयोग गर्दै पत्रकारलाई निरुत्साहित गर्ने, अपमानित गर्ने खालका नयाँ प्रवृत्तिहरु पनि देखिन थालेका छन् । इन्टरनेटको बढ्दो प्रयोगसँगै प्रेस स्वतन्त्रतामाथि आक्रमणका प्रवृत्तिहरु पनि बढेका छन् । पत्रकारितामाथि विभिन्न कोणहरुबाट प्रश्न उठिरहेका बेला यसमा हुने ससाना त्रुटिहरुलाई औंल्याउँदै सञ्चार गृह र तिनमा काम गर्ने पत्रकारहरुको सुरक्षामा सङ्कट देखा पर्न थालेको छ । सूचना र सञ्चारको क्षेत्रमा नयाँ प्रविधिको विकाससँगै झुठा र भ्रमपूर्ण सूचनाको प्रवाह हुनु विश्वव्यापी चुनौती बनिरहेको छ । इन्टरनेटको विकाससँगै सुरु भएको डिजिटल पत्रकारिता आजको मुख्य चुनौती र अवसरका बीच सङ्घर्षरत छ । कमजोर साइवर सुरक्षाका कारण अनलाइन सञ्चारमाध्यमा अनाधिकृत प्रवेश गरी गलत समाचार दिने, नागरिकलाई दिग्भ्रमति तुल्याउनेजस्ता घटनाहरु बढ्न थालेका छन् । यस्ता अवस्थामा सत्य, तथ्य र निष्पक्षता कायम राख्नु पत्रकारहरूको सबैभन्दा ठूलो जिम्मेवारी हो ।

पत्रकारिता क्षेत्रलाई विश्वसनीय र जनमुखी बनाउन नागरिकस्तरबाट पनि उत्तिकै रचनात्मक भूमिकाको खाँचो पर्दछ । पत्रकारको हातमा रहेको कलमबाट कसैमाथि अन्याय हुनुहुँदैन । पत्रकारिताको सबैभन्दा मुख्य धर्म आमजनतासामु निष्पक्षरुपमा सत्य, तथ्य प्रस्तुत गर्नु हो । गल्तीलाई ग्रहण गर्ने र सच्चिन तत्परता देखाउने पत्रकारिताको चरित्र पनि हो । आलोचना र लाञ्छनाले पत्रकारिता कमजोर हुँदैन, बरु थप सशक्त हुन प्रेरित गर्दछ । आचारसंहिता, नीतिनियम र पेसागत इमानदारीलाई आत्मसात् गर्दै समाजप्रति उत्तरदायी बन्ने र पत्रकारलाई सूचना दिनका लागि र तथ्य दिनका लागि नागरिकहरु पनि जागरुक भैदिने हो भने सहज हुने छ र असल नागरिकको कर्तव्य निर्वाह गरेको मानिनेछ । अन्त्यमा राष्ट्रिय पत्रकारिता दिवस केवल उत्सव होइन, यो आत्ममूल्याङ्कनको दिन पनि हो-हामी कहाँ छौं ? के गर्दैछौं ? र अब के गर्नुपर्छ भन्ने सोच्ने दिन हो । आमजनमानसलाई निराश हुन नदिई जस्तोसुकै विषम् परिस्थितिमा पनि जनतामा आशाको दियो जगाइराख्न सक्नु पनि पत्रकारिताको अर्को महत्वपूर्ण धर्म हो । तसर्थ, लोकतन्त्र, न्याय र सामाजिक परिवर्तनको लागि कलमलाई अस्त्र बनाएर निरन्तर समाजलाई झकझक्याउने बाटोमा हिँड्न आजको दिनले सबैलाई प्रेरणा दिओस् ।रासस

# नेता नेपालको आदर्शबाट प्रेरणा लिइरहने : एमाले

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले नेपाली कम्युनिष्ट आन्दोलनका अग्रणी नेता प्रदीप नेपालको निधनले नेपालको कम्युनिष्ट आन्दोलन, लोकतान्त्रिक आन्दोलन र साहित्यिक क्षेत्रका लागि अपुरणीय क्षति भएको जनाएको छ ।

एमाले महासचिव शङ्कर पोखरेलले बुधबार विज्ञप्ति जारी गरी नेता नेपालको निधनबाट पार्टी अत्यन्त दुःखित भएको बताउनुभयो ।

उहाँले स्वर्गीय नेता नेपालका असल गुणहरु, योगदान र आदर्शबाट निरन्तर प्रेरणा लिइरहने सङ्कल्पसमेत पार्टीले लिएको बताउनुभएको छ ।

केही वर्षदेखि पार्किन्सन रोगबाट पीडित नेता नेपालको उपचारका क्रममा काठमाडौँस्थित नर्भिक



अस्पतालमा मङ्गलबार साँझ निधन भएको थियो । "युवा पुस्तामाझ एकदमै लोकप्रिय कमरेड प्रदीप नेपाल धेरै कार्यकर्ताहरुका निम्ति ऊर्जा र प्रेरणाको स्रोत हुनुहुन्थ्यो", महासचिव पोखरेलले जारी गर्नुभएको विज्ञप्तिमा भनिएको छ, "तत्कालीन नेकपा (माले) लाई शान्तिपूर्ण, लोकतान्त्रिक र लोकप्रिय धारको अगुवाका रुपमा स्थापित गर्न र जनताको बहुदलीय जनवादको विकास र कार्यान्वयनमा महत्त्वपूर्ण योगदान गर्नुभएको थियो ।"

सिर्जनात्मकता, अथक क्रियाशीलता र ऊर्जा कमरेड प्रदीप नेपालको व्यक्तित्वका विशेषताहरु रहेको उल्लेख गर्दै मदन-आश्रित स्मृति प्रतिष्ठानका अध्यक्षका रुपमा उहाँले जननेता मदन भण्डारी र कुशल सङ्गठक जीवराज आश्रितका विचार, आदर्शलाई स्थापित गर्न उल्लेखनीय भूमिका निर्वाह गर्नुभएको महासचिव पोखरेलले बताउनुभएको छ ।

महासचिव पोखरेलले पटकपटक संसद् सदस्यका रुपमा जनप्रतिनिधिको भूमिकामा रहनुभएका प्रदीप नेपालले सूचना तथा सञ्चार, शिक्षा, जलस्रोतलगायत विभिन्न मन्त्रालयको कुशल नेतृत्व गरेको उल्लेख गर्नुभएको छ ।

विसं २०१० पुस २८ मा भोजपुर गोगनेमा जन्मिनुभएका प्रदीप नेपाल त्रिचन्द्र क्याम्पसमा अध्ययन गर्दैगर्दा स्वतःस्फूर्त रुपमा विद्यार्थी आन्दोलनमा सहभागी हुँदै हिरासत र जेलजीवनको सामना गर्नुपरेको विज्ञप्तिमा उल्लेख छ ।

झण्डै १४ वर्ष लामो भूमिगत जीवनमा नेता नेपालले लुम्बिनी, मेची, प्रवास र काठमाडौँको पार्टी निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका र अस्वस्थताका कारण सक्रिय सङ्गठनात्मक जीवनबाट विश्राम लिनुअघि उहाँ एमाले स्थायी कमिटीको सदस्य र पार्टी प्रवक्तासमेत रहनुभएको थियो ।

सञ्जय थापाका नाममा सिर्जनात्मक लेखनमा संलग्न उहाँ प्रगतिवादी साहित्यिक आन्दोलनका अत्यन्त लोकप्रिय र प्रेरणादायी स्रष्टा रहनुभएको महासचिव पोखरेलले बताउनुभएको छ ।रासस

# अब राजनीतिको नेतृत्व युवाले गर्नेछन् : मन्त्री पौडेल



काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले आगामी दिनमा राजनीतिको नेतृत्व नयाँ पुस्ता अर्थात् युवाले गर्ने विश्वास व्यक्त गर्नुभएको छ ।

प्रज्ञा प्रतिष्ठानमा परिवर्तन अभियान नेपालले बुधबार आयोजना गरेको 'सामाजिक रूपान्तरणमा विद्यार्थी आन्दोलनको भूमिका' विषयक अन्तरक्रियामा मन्त्री पौडेलले राजनीतिक परिवर्तनमा विद्यार्थी र युवाको भूमिका महत्त्वपूर्ण रहेकाले आगामी दिनमा पनि युवाले नै नेतृत्व लिने बताउनुभयो ।

"अब राजनीतिलाई पछिल्लो पुस्ताले नै बढाउने हो ।

केही समय लाग्न सक्छ, अफठ्यारा हुनसक्छन् । यद्यपि आउँदो समयमा नेतृत्व लिन युवाले आफूलाई सशक्त रूपमा अगाडि बढाउनुपर्छ । तर, म उमेरले कान्छो हुँ, मैले नेतृत्व पाउनुपर्छ भनेर प्राप्त हुँदैन । आफूलाई लायक बनाउनुपर्छ", मन्त्री पौडेलले भन्नुभयो ।

पछिल्लो समय राजनीतिमा पुस्तान्तरणको बहस चलिरहेको बताउँदै उहाँले आफ्नो क्षमता विस्तार गरेर युवाले नेतृत्वका लागि दबाब दिनुपर्नेमा जोड दिनुभयो ।

काठमाडौँ उपत्यकाका विभिन्न क्याम्पसमा निर्वाचित स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) सभापतिलाई सम्मानसमेत गरिएको उक्त कार्यक्रममा बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले दलले गर्ने गलत कार्यमा विद्यार्थीले खबरदारी गर्नुपर्ने बेला आएको बताउनुभयो ।

"अब मातृ पार्टीले केही गलत गरे खबरदारी गर्न डराउनु हुँदैन, खबरदारी गर्ने कसले हो ? तपाईंले होइन ? नभए विस्तारै युवाको विश्वास आफ्नै पुस्तासँग पनि गुम्दै जान्छ, त्यसैले आफ्नो कुरा भन्न हिच्किचाउनु हुँदैन", उहाँले भन्नुभयो ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य एवं नेकपा (एमाले) का पोलिटब्यूरो सदस्य ठाकुरप्रसाद गैरे, नेपाली कांग्रेस काठमाडौँ जिल्ला सभापति सबुज बाँनिया लगायतले नेपालको राजनीतिक परिवर्तनमा विद्यार्थीको भूमिकाको विषयमा चर्चा गर्नुभएको थियो ।

कार्यक्रम आयोजक संस्था परिवर्तन अभियान नेपालका अध्यक्ष सुशील भट्टले व्यवस्था परिवर्तनमा विद्यार्थी आन्दोलनको भूमिकाबारे चर्चा गर्दा त्यसलाई भुल्न नहुने बताउनुभयो । "हामीले हरेक आन्दोलनलाई केलाएर हेर्ने हो भने विद्यार्थी आन्दोलनको भूमिका महत्त्वपूर्ण थियो, छ र हुनेछ ।

देशको केन्द्रीय राजनीतिलाई विद्यार्थी राजनीतिले नै निर्देश गरेको देखिन्छ, त्यसकारण विद्यार्थीको भूमिकालाई नजरअन्दाज गर्नु गल्ती हुनेछ", उहाँले भन्नुभयो ।रासस

# जनतालाई अनावश्यकरूपमा निराश बनाउनु एक प्रकारको अपराध हो : प्रधानमन्त्री

ललितपुर । प्रधानमन्त्री केपी शर्मा ओलीले जनतालाई अनावश्यक रूपमा निराश बनाउनु एक प्रकारको अपराध हुने बताउनुभएको छ ।

'लोकान्तर डटकम' को नवौँ वार्षिकोत्सवका अवसरमा बुधबार आयोजित विशेष संवादमा प्रधानमन्त्री ओलीले देशलाई बर्बादीतिर धकेल्ने होइन आशावादीतामा फर्काउनुपर्नेमा जोड दिनुभएको हो ।

मुलुकमा विकास र समृद्धिका प्रयास भइरहे पनि मानिसहरूमा निराशा छाउनुको कारण के होला ? भन्ने प्रस्तोता विमल गौतमको प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री ओलीले भन्नुभयो, "केही फेसबुक र युट्युब र आँखामा कालो पट्टी बाँधेर हेर्ने दृष्टिकोण भएकाहरूका कारण निराशा छ, भनेर मुलुकलाई बदनाम गर्न खोजिएको छ । त्यो यथार्थ होइन ।"

विगतमा आफू प्रधानमन्त्री हुँदा थालेका महत्त्वपूर्ण आयोजना र चालिएका कदमलाई तीव्रताका साथ पूरा गर्ने दृढता लिएर सरकार अघि बढिरहेकाले युवाहरूलाई निराश होइन, हामी आफैँले आफ्नो देश बनाउन सक्छौँ भन्ने आशावादका साथ देशभित्रै केन्द्रित हुन आग्रह गर्नुभयो ।

"यहाँ काम गर्ने मान्छे छैन, मान्छेहरू काम पाइन्छ भनेर देश बाहिर गइरहेका छन् । यस देशमा केही भएन भन्ने मिसनका साथ सञ्चालित र पुरातनवादी तत्त्वहरू छटपटाएका छन् । उसले दुई सय पचास वर्ष शासक भएर खाएको सम्झिएको छ । उनीहरू यो लोकतान्त्रिक प्रणालीको




चुनावबाट आउने सम्भावना नदेखेर मुलुकमा केही पनि भएन भन्दैछन् ।"

प्रधानमन्त्री ओलीको भनाइ थियो, "अधिनायकवाद र तानाशाहमा विश्वास गर्नेहरूले आशा जगाउने कुरा गर्दा पनि गाली गरिरहेका छन् । आशावाद र विकासको कुरा गर्ने कलाकारको चलचित्र बहिष्कार गर्ने भन्न पछि पर्दैनन् । यस्तो खालको असहिष्णुता र सङ्कीर्णता बोक्नेहरूले लोकतन्त्र पचाउन नसकेका हुन् । यथार्थमा लोकतन्त्र श्रेष्ठ विकल्प हो । यसको विकल्प छैन, त्यसैगरी आशावादीता ठिक बाटो हो, यसलाई छोड्न हुँदैन ।"रासस

> मुलुकमा विकास र समृद्धिका प्रयास भइरहे पनि मानिसहरूमा निराशा छाउनुको कारण के होला ? भन्ने प्रस्तोता विमल गौतमको प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री ओलीले भन्नुभयो, "केही फेसबुक र युट्युब र आँखामा कालो पट्टी बाँधेर हेर्ने दृष्टिकोण भएकाहरूका कारण निराशा छ, भनेर मुलुकलाई बदनाम गर्न खोजिएको छ ।

# सुशासन प्रवर्द्धन र अर्थतन्त्रको विकासका लागि नीति तथा कार्यक्रम सान्दर्भिकः सांसदहरु

काठमाण्डु । सांसदहरुले सुशासन प्रवर्द्धन र अर्थतन्त्रको विकासका लागि नीति तथा कार्यक्रम सान्दर्भिक र समयसापेक्ष भएको बताउनुभएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले यही वैशाख १९ गते शुक्रबार सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आगामी आर्थिक वर्ष २०८२/८३ को सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा दलीय आधारमा भाग लिँदै सांसदहरुले राजनीतिक स्थायित्व र नीतिगत स्थिरताका लागि दलहरुबीच सहमतिका साथ अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

नेकपा (एमाले) का सांसद एकनाथ ढकालले नीति तथा कार्यक्रमले सुशासन प्रवर्द्धन र अर्थतन्त्रको विकासलाई जोड दिएको बताउनुभयो । उहाँले नीतिगत स्थायित्व, सुशासन, अर्थतन्त्रलाई अगाडि बढाउने, रोजगारीको अवसर सिर्जना गर्ने, उत्पादकत्व बढाउने, सामाजिक न्यायको प्रत्याभूति गर्दै मानवअधिकारको सम्मान तथा सङ्क्रमणकालीन न्यायको कामलाई तार्किक निष्कर्षमा पु-याउने जस्ता विषय सकारात्मक रहेको बताउनुभयो ।

एमालेकै हेमराज राईले देशमा राजनीतिक स्थिरता कायम गर्दै सुस्त अवस्थामा रहेको मुलुकको आर्थिक गतिविधिलाई चलायमान बनाउनेखालका विषयवस्तु समेटिएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "नेपालले राजनीतिक र नीतिगत स्थिरता खोजेको छ । आपसी संवाद र सहकार्यमार्फत राजनीतिक स्थायित्वलाई निरन्तरता दिनुपर्छ ।"

एमालेकै इश्वरी घर्तीले सरकारले आगामी आर्थिक वर्षका लागि पेस गरेको नीति तथा कार्यक्रम सटिक र कार्यान्वयनमुखी रहेको उल्लेख गर्नुभयो ।

सरकारले नारा हैन सजिलै कार्यान्वयन गर्ने विषयलाई समेटेकाले गरिबी न्यूनीकरण, सामाजिक न्याय आदि विषयमा बजेटको पहुँच अभिवृद्धि गरिनुपर्नेमा जोड दिनुभयो ।रासस


## भुमिसुधार तथा मालपोत कार्यालय धनुषा

## हकदाबि सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा निवेदक बौबेलाल साह ब्याहुत सुडीले मेरो नाउँमा सर्वे नापी भई कायम भएको जि.ध. साबिक जनकपुर वडा नं. ४ कि.नं. १९१६ क्षेत्रफल ०-०-१०-१० जग्गा कायम भएकोमा पुनः शहरी नापी बमोजिम नापनक्सा भई हाल जि.ध.जनकपुर न.पा. वडा नं. ४ सिट नं. १३९६-०२ कि.नं. ७ क्षेत्रफल ०-०-११-० कायम भई अदालतको फैसला बमोजिम कि.नं. ७ कि.का.भई कि.नं. ५० क्षेत्रफल ०-०-२-२ जग्गा मेरो श्रीमती शान्ती देवी ब्याहुत सुडीको नाममा गई कि.नं. ५१ क्षेत्रफल ०-०-८-२ बाँकि रहेकोमा पुनः कि.नं. ५१ को जग्गा बाटोमा परी कि.नं. ५१ कि.का.भई कि.नं. ७९ क्षेत्रफल ०-०-१-१.७५ जग्गा बाटोको नाउँमा लगतकट्टा भई कि.नं. ८० क्षेत्रफल ०-०-७-०.२५ जग्गा बाँकी रहेको र उक्त जग्गा नापनक्शा भई दर्ता नभएकोले छुट जग्गा दर्ता गरी पाउँ भन्ने व्यहोरा खुलाई यस कार्यालयमा पेश गरेको द.नं. २१८४२ मिति २०८१/०१/०४ गतेको निवेदन माग दावी भएकोले यसमा निवेदकको माग दावी अनुसारको छुट जग्गा दर्ता गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा उपलब्ध गराउँदा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा सरकारी, सार्वजनिक जग्गाको हानी नोक्सानी हुने भए वा यी निवेदकहरु बाहेक अन्य कोही व्यक्तिको जग्गा तपसिलमा उल्लेख भएको जग्गाको दावी उजुरी गर्न यस कार्यालयमा आउनु होला । सूचनाको म्याद भित्र दावी उजुरी नपरी म्याद समाप्त भएमा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाबाट सबैमा सुचित गरिएको छ ।

**तपसिल**

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| धनुषा | जनकपुर न.पा. | ४/१३९६-०२ | ८० | ०-०-७-०.२५ |



## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०१/२५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय रामगोपालपुर, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : न्यू स्टार इन्टिग्रटेड बहुउद्देश्य कृषि मत्स्य तथा पशुपंछी फर्म**<br>नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरी<br>दर्ता नं. ८११५/१०६३/०७७/०७८, दर्ता मिति : २०७७/१२/०३, पान नं. ११७२७२२७७, दर्ता मिति : २०७७/१२/०३<br>ठेगाना : महोत्तरी जिल्ला, भंगहा न.पा. वडा नं. ६, **प्रोप्राइटर : मनिष कुमार राय** | |
| | **नाम : अमित कुमार राय**<br>ना.प्र.नं. १८-१-०५७/२६०, जि.प्र.का. महोत्तरी, जारी मिति : २०६८/०९/११<br>बाबुको नाम : संजय राय, बाजेको नाम : विष्णु नारायण थारु<br>ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. २, हाल : महोत्तरी जिल्ला, भंगहा न.पा. वडा नं. ६ | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : संजय कुमार राय**<br>ना.प्र.नं. ३६९७२७५८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४६/१२/११<br>बाबुको नाम : विष्णु नारायणराय थारु<br>बाजेको नाम : राम रनत राय थारु<br>ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. २<br>हाल : महोत्तरी जिल्ला, भंगहा न.पा. वडा नं. ६ | **२. नाम : असिया देवी चौधरी**<br>ना.प्र.नं. ३६९७३५३७, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६१/०६/२६<br>पतिको नाम : विष्णु नारायण राय थारु<br>ससुराको नाम : राम रनत राय थारु<br>ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. २<br>हाल : महोत्तरी जिल्ला, भंगहा न.पा. वडा नं. ६ |
| | **३. नाम : शैलेन्द्र कुमार राय**<br>ना.प्र.नं. ३६९७२३५२, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४४/११/११<br>बाबुको नाम : विष्णु नारायण राय थारु<br>बाजेको नाम : राम रनत राय थारु<br>ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. २<br>हाल : महोत्तरी जिल्ला, भंगहा न.पा. वडा नं. ६ | **४. नाम : मनिष कुमार राय**<br>ना.प्र.नं. १८-१-०५७/२५७, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६८/०९/११<br>बाबुको नाम : शैलेन्द्र कुमार राय<br>बाजेको नाम : विष्णु नारायण थारु<br>ठेगाना : महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. २<br>हाल : महोत्तरी जिल्ला, भंगहा न.पा. वडा नं. ६ |
| | **धितोको विवरण** | |
| | १. संजय कुमार राय, शैलेन्द्र कुमार राय र असिया देवी चौधरीको संयुक्त नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. ९, नक्सा सिट नं. ९ ख स्थित कित्ता नं. २२२ र २२३ को क्षेत्रफल क्रमशः ०-१३-११.५-० र ०-१२-२.५-० (बिघा) को जग्गा र जग्गामा रहेको सम्पूर्ण लिगलगापात समेत ।<br>२. संजय कुमार राय, शैलेन्द्र कुमार राय र असिया देवी चौधरीको संयुक्त नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, हतिसर्वा वडा नं. २ स्थित कित्ता नं. ५२८ र ५३१ को क्षेत्रफल क्रमशः ०-१-४-० र ०-९-१०-० (बिघा) को जग्गा र जग्गामा रहेको सम्पूर्ण लिगलगापात समेत । | |
| | **ऋणीको नाम, ठेगाना** | |
| २. | **नाम : सुरेन्द्र कुमार यादव**<br>ना.प्र.नं. १८३०७३/६४८, जि.प्र.का. महोत्तरी, जारी मिति : २०६३/१०/०६<br>बाबुको नाम : जागेश्वर यादव, बाजेको नाम : केसबर यादव<br>ठेगाना : महोत्तरी जिल्ला, किसाननगर वडा नं. ४, हाल : महोत्तरी जिल्ला, भगंहा न.पा. वडा नं. ४ | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : जागेश्वर यादव**<br>ना.प्र.नं. ४९६०५५४४, जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०४६/११/१४<br>बाबुको नाम : केसबर यादव<br>बाजेको नाम : अवध यादव<br>ठेगाना : महोत्तरी जिल्ला, किसाननगर, वडा नं. ६<br>हाल : महोत्तरी जिल्ला, भगंहा न.पा. वडा नं. ४ | **२. नाम : शान्ति देवी**<br>ना.प्र.नं. ४९६०५६१८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४६/११/१५<br>पतिको नाम : जागेश्वर यादव<br>ससुराको नाम : केसबर यादव<br>ठेगाना : महोत्तरी जिल्ला, किसाननगर, वडा नं. ४<br>हाल : महोत्तरी जिल्ला, भगंहा न.पा. वडा नं. ४ |
| | **धितोको विवरण** | |
| | जागेश्वर यादवको नाममा मालपोत कार्यालय वर्दिबास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, भंगहा वडा नं. ४ ग स्थित कित्ता नं. ७१४ र ७५५ को क्षेत्रफल क्रमशः ०-२-०-० र ०-५-०-० (विघा) को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रामगोपालपुर, महोत्तरी, फोन नं. ०४४-४१००७३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



## श्री क्षिरेश्वर जनता माध्यमिक विद्यालय

क्षिरेश्वरनाथ-५, महेन्द्रनगर (धनुषा)

## टेण्डर आव्हान १५ दिने सूचना (प्रथम पटक)

**सूचना प्रकाशित मिति : २०८२/१/२५**

आ.व. २०८२/०८३ साल मिति २०८२ साउन १ गते देखि २०८३ साल आषाढ मसान्तसम्म अर्थात १ (एक) वर्षको लागि विद्यालयको अधिनस्तामा रहेको जि.धनुषा क्षिरेश्वरनाथ नगरपालिका महेन्द्रनगरमा स्थित सखुवा बजार अन्तर्गत मवेशी बजार र गुदरी बजार बधशाला समेत बट्टी उठाउनका लागि ठेक्का लगाउनु पर्ने भएकोले निम्न शर्तको अधिनमा रही १५ (पन्ध्र) दिने टेण्डर सूचना आव्हान गरिएको छ।

१. मवेशी बजारको टेण्डर फाराम दस्तुर रु. ३००० तिन हजार र गुदरी बजारको टेण्डर फाराम रु. २००० (दुई हजार) फिर्ता नहुनेगरी यस विद्यालयबाट टेण्डर खरिद गर्नुपर्नेछ। बिहान ७:३० बजे देखि ११:०० बजेसम्म खरिद गर्न सकिनेछ। टेण्डर फाराम खरिद गर्ने अन्तिम मिति २०८२/०२/०८ गते बिहान ७:३० बजे देखि ११ बजेसम्म खरिद गर्न सकिनेछ। खरिद गरिएको टेण्डर मिति २०८२ साल जेष्ठ ९ गते दिउँसो १ बजेसम्म खसाल्नु पर्नेछ र सोही दिनको दिउँसो २:०० बजे विद्यालयमा दर्ता भएको टेण्डर सबैको रोहवरमा खोलिनेछ। टेण्डर दुवै बजारको अलग-अलग हुनेछ।
२. विद्यालयले निर्धारण गरेको न्यूनतम रकम मवेशी बजारको रु. १,९९,०५,२०१।- (एक करोड़ उन्नासय लाख पाँच हजार दुई सय एक मात्र) कायम गरिएको छ।
३. विद्यालयले निर्धारण गरेको न्यूनतम रकम गुदरी बजारको रु. २७,०१,१११।- (सताइस लाख एक हजार एक सय ग्यारह मात्र) कायम गरिएको छ।
४. टेण्डर भर्ने ठेकेदार नेपाली नागरिक भएमा आफुले कबोल गरेको सम्पूर्ण रकमको ५% (प्रतिशत) र गैर नेपाली नागरिक भएमो १०% (प्रतिशत) धरौटी अनिवार्य रुपमा राख्नुपर्ने छ। अन्यथा तोकिएको धरौटी रकम नराखी भरेको टेण्डरलाई मान्यता दिने छैन। धरौटी रकम यस विद्यालयको नाममा रहेको महेन्द्रनगर स्थित सिद्धार्थ बैंक लिमिटेडमा चल्ती खाता नं. ०२०१५०८०१७३ मा जम्मा गरेको सक्कल बैंक भौचरको मात्र मान्यता हुनेछ। धरौटीमा नगद मान्यता हुने छैन।
५. सखुवा मवेशी बजार, गुदरी बजारको लागि टेण्डरमा सबैभन्दा बढी अंक भएको ठेकेदारले कबोल गरेको (धरौटी रकम ५% कट्टा नगरी) पहिलो किस्ता २५% रकम महेन्द्रनगर स्थित सिद्धार्थ बैंक लि.को चल्ती हिसाब नं. ०२०१५०८०१७३ मा जम्मा गरेको बैंक भौचर बुझाउनु पर्नेछ र बाँकी रहेको ठेक्का रकमको ७०% हुने रकमको बैंक ग्यारेण्टी कागज बुझाउनु पर्नेछ। सो बैंक ग्यारेण्टी कागज बुझाउने समय अवधि मिति २०८२/४/३० गते सम्म हुनेछ। त्यसबाट पहिलो ३ महिनामा ठेक्का रकमको २५% रकम बुझाउनु पर्ने छ वा बैंक ग्यारेण्टीबाट कट्टा गरिनेछ, अर्को दोश्रो ३ महिना (६ महिना) मा ठेक्का रकमको २५% रकम बुझाउनु पर्ने छ वा बैंक ग्यारेण्टीबाट कट्टा गरिनेछ र बाँकी ठेक्का रकमको सम्पूर्ण रकम वा २०% रहेको बाँकी अन्तिम किस्ता तेश्रो ३ महिना वा (९ महिना) मिति २०८२/१२/३० गतेसम्म बुझाउनु पर्ने छ वा बैंक ग्यारेण्टीबाट कट्टा गरिनेछ। एकमुष्ठ पुरै रकम बुझाएको खण्डमा ५% (पाँच प्रतिशत) छुट पाइनेछ भने बैंक ग्यारेण्टीको सुविधा प्रयोग गर्ने ठेकेदारले उक्त छुट सुविधा पाउने छैन।
६. टेण्डरमा सबैभन्दा बढी अंक भएको ठेकेदारले जानकारी पाएको मितिले १५ दिन भित्र यस विद्यालयको नाममा रहेको महेन्द्रनगर स्थित सिद्धार्थ बैंक लिमिटेडको चल्ती हिसाब नं. ०२०१५०८०१७३ मा जम्मा गरेको सक्कल बैंक भौचर बुझाउनु पर्नेछ।
७. टेण्डर प्रथम अंक सकार गर्ने ठेकेदारले तोकिएको समय भित्र निर्धारित रकम नबुझाएमा धरौटी रकम जफत गरी दोश्रो अंक सकार गर्ने ठेकेदारलाई प्रक्रियामा आउन जानकारी गराइनेछ। जानकारी पाएको मितिले दोश्रो अंक सकार गर्ने ठेकेदारले ३ (तीन) दिन भित्र कबोल गरेको निर्धारित रकम विद्यालयको खातामा जम्मा गरेको सक्कल बैंक भौचर बुझाई सक्नुपर्नेछ। यसैगरी दोश्रो अंक सकार गर्ने ठेकेदारले तोकिएको समयमा रकम बुझाउन नसकेको अवस्थामा निजको धरौटी रकम जफत गरी तेश्रो अंक सकार गर्ने ठेकेदारलाई प्रक्रियामा आउँन जानकारी गराइनेछ। जानकारी पाएको मिति देखि उक्त ठेकेदारले २ (दुई) दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुँदा नं. ५ अनुसारको शर्त पुरा गरी विद्यालयको खातामा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ।
८. टेण्डर स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार विद्यालायलाई हुनेछ।
९. टेण्डर स्वीकृत भएको नभएको जानकारी विद्यालयबाट प्राप्त गर्न सकिनेछ।
१०. टेण्डर स्वीकृत भई रकम बुझाईसकेपछी मात्र दुवै पक्षको सम्झौता भएपछि चलन पुर्जी दिइनेछ।
११. बजारमा कुनै किसिमको चन्दा, कर, बन्द वा हड्ताल भएमा क्षतिपूर्ति ठेकेदारले स्वयम बेहोर्नु पर्नेछ। उक्त क्षतिपुर्ति अथवा मिनाहा विद्यालयले दिनेछैन। आवश्यक अनुसार विद्यालयले प्रशासनिक सहयोग गर्नेछ।
१२. बजारको ठेकेदारले बट्टी उठाउँदा विद्यालयले निर्धारण गरेको दर रेट शुल्क भन्दा बढी रकम उठाउन पाउने छैन। ठेकेदारले बट्टी बढी उठाएको पाइएमा विद्यालयले जुनसुकै बेला आवश्यक कारबाही गर्न सक्नेछ।
१३. बजारमा बट्टी उठाउनको लागि विद्यालयले निर्धारण गरेको दर रेट विद्यालयबाट प्राप्त गर्न सकिनेछ।
१४. मवेशी तथा गुदरी बजार भित्र चौपाया मरेमा तथा फोहर मैला व्यवस्थापन स्वयम ठेकेदारले गर्नुपर्दछ।
१५. चौपाया ट्रक, पिकअप निकासी हुँदा मवेशी बजारका ठेकेदारले निकासी शुल्क लिन सक्नेछ।
१६. गुदरी बजारमा रहेको १० (दश) कोठे गोदामघर भाडा यस टेण्डरमा समावेश गरिनेछैन।

क्षि.ज.मा.वि.

# भारत पाकिस्तान सीमामा भारी गोलाबारी



मुजफ्फराबाद । एएफपी

भारत र पाकिस्तानले बुधबार आफ्नो विवादित सीमामा भारी गोलाबारी गरेका छन् । नयाँदिल्लीले आफ्नो चिरप्रतिद्वन्द्वीमाथि क्षेप्यास्त्र आक्रमण गरेपछि आणविक-सशस्त्र दुई छिमेकीबीच ठूलो तनाव बढेको छ ।

दुवै पक्षको मृत्यु भएको बताइएको छ ।

पाकिस्तानले भारतीय आक्रमणमा कम्तीमा २६ जनाको मृत्यु भएको र भारतले पाकिस्तानी तोप आक्रमणले विवादित काश्मीरको वास्तविक सीमामा तीन सर्वसाधारणको ज्यान गएको बताएको छ ।“अहिलेसम्म आक्रमणमा २६ जना निर्दोष नागरिक मारिएका छन्”, पाकिस्तानी सैन्य प्रवक्ता अहमद सरिफ चौधरीले भन्नुभयो ।विवादित क्षेत्रको भारतीय क्षेत्रमा भएको घातक आक्रमणका लागि इस्लामाबादलाई दोष दिएको केही दिनपछि नयाँदिल्लीले पाकिस्तान प्रशासित काश्मीर र पञ्जाब राज्यका नौ स्थलमा ‘आतङ्कवादी शिविरहरूमा सटीक आक्रमण’ गरेको घोषणा गरेको थियो ।

भारतीय सेनाले ‘ न्याय पूरा भएको छ’ भनेको छ । नयाँदिल्लीले उसको कार्य ‘केन्द्रित, मापन गरिएको र गैर-विस्तारवादी प्रकृतिको छ’ भनेको छ ।पाकिस्तानका रक्षामन्त्री ख्वाजा मुहम्मद आसिफले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई आफ्नो घरेलु लोकप्रियता ‘बढाउन’ आक्रमण गरेको आरोप लगाउनुभयो तर इस्लामाबादले पनि जवाफी कारबाही गरेको बताउनुभयो ।“प्रतिकार पहिले नै सुरु भइसकेको छ”, आसिफले एएफपीलाई भन्नुभयो, “हामी हिसाब चुक्ता गर्न धेरै समय लिने छैनौं ।”

**गोलाबारीको वर्षा**

इस्लामाबादले आक्रमणमा एक बालकसहित आठ जना सर्वसाधारण मारिएको बताएको छ र पाकिस्तानद्वारा नियन्त्रित काश्मीर र पञ्जाबमा एएफपीका संवाददाताहरूले धेरै ठूलो विस्फोट सुनेको रिपोर्ट गरेका छन् ।पाकिस्तान प्रशासित काश्मीरको मुख्य सहर मुजफ्फराबादमा सैनिकहरूले इस्लामाबादको मस्जिद वरपरका सडकहरू घेरा हालेका छन्, जसमा धेरै घरहरूको भित्तामा विस्फोटका चिह्नहरू देखिएका छन् ।

त्यसको केही समयपछि भारतीय सेनाले पाकिस्तानमाथि काश्मीरको वास्तविक नियन्त्रण रेखा (एलओसी) पार गरेर ‘ अन्धाधुन्ध’ गोली चलाएको आरोप लगायो । गोली बर्सिँदा आगोका झिल्काहरू देखिएको एएफपी रिपोर्टरहरूले देखे ।“तीन निर्दोष नागरिकहरूले आफ्नो ज्यान गुमाए”, आफूले ‘ उचित तरिकाले’ जवाफ दिइरहेको उल्लेख गर्दै भारतीय सेनाले भनेको छ ।“हामी गोली चलेको आवाज सुनेर ब्युँझियौँ”, भारतीय पुञ्च सहरका फारुक नामक एक व्यक्तिले प्रेस ट्रष्ट अफ इन्डिया समाचार एजेन्सीलाई आफ्नो अस्पतालको शय्याबाट बताए, “मैले गोलाबारी वर्षा जस्तै देखेँ... दुई जना घाइते भए ।” उनको टाउकोमा पट्टी बाँधिएको थियो ।

काश्मीरको भारतीय नियन्त्रित भागमा रहेको वुयानमा एएफपी फोटोग्राफरले भारतीय लडाकू जेटको भग्नावशेष देखेका थिए ।एक सुरक्षा स्रोतले यो भारतीय विमान भएको पुष्टि गऱ्यो, तर यसको दुर्घटनाको कारण र पाइलटको अवस्था तत्काल थाहा हुन सकेन । भारत प्रशासित कश्मीरमा अप्रिल २२ मा पर्यटकहरूमाथि भएको आक्रमणमा पाकिस्तानमा आधारित आतङ्कवादी सङ्गठन लश्कर-ए-तैयबाका बन्दुकधारीहरूले गरेको आक्रमणप्रति भारतले सैन्य प्रतिक्रिया दिने व्यापक अपेक्षा गरिएको थियो ।

> पाकिस्तानका रक्षामन्त्री ख्वाजा मुहम्मद आसिफले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई आफ्नो घरेलु लोकप्रियता“बढाउन” आक्रमण गरेको आरोप लगाउनुभयो तर इस्लामाबादले पनि जवाफी कारबाही गरेको बताउनुभयो ।“प्रतिकार पहिले नै सुरु भइसकेको छ”, आसिफले एएफपीलाई भन्नुभयो, “हामी हिसाब चुक्ता गर्न धेरै समय लिने छैनौं ।”

त्यस आक्रमणमा पहलगामको पर्यटकीय केन्द्रमा २६ जनाको मृत्यु भएको थियो, मुख्यतः हिन्दू पुरुषहरू थिए । कुनै पनि समूहले जिम्मेवारी लिएको छैन।नयाँदिल्लीलेइस्लामाबादमाथि आक्रमणको समर्थन गरेको दोष लगाएको छ, जसले शृत लाबद्ध धम्की र कूटनीतिक बदला लिने उपायहरू निम्त्याएको छ ।

पाकिस्तानले आरोपहरू अस्वीकार गरेको छ । भारतीय सेनाका अनुसार दुवै पक्षले अप्रिल २४ देखि एलओसी सीमामा रातभरि गोलीबारी आदानप्रदान गरेका छन् । पाकिस्तानले दुई क्षेप्यास्त्र परीक्षण पनि गरेको बताएको छ ।

**अधिकतम संयम**

सन् १९४७ मा ब्रिटिस शासनको अन्त्यमा उपमहाद्वीपबाट अलग भएदेखि धेरै युद्धहरू लडेका दक्षिण एसियाली यी दुई छिमेकी बिचको हिंसा एक खतरनाक तनाव हो ।

कूटनीतिज्ञहरूले नेताहरूलाई युद्धको संघारबाट पछि हट्न दबाब दिएका छन् ।

“संसारले भारत र पाकिस्तान बीचको सैन्य द्वन्द्वलाई थेग्न सक्दैन”, संयुक्त राष्ट्रसङ्घका प्रमुख एन्टोनियो गुटेरेसका प्रवक्ता स्टेफन डुजारिकले एक वक्तव्यमा भन्नुभयो । गुटेरेसले ‘अधिकतम संयम’ अपनाउन आह्वान गर्नुभयो ।अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले वासिङ्टनमा पत्रकारहरूलाई लडाइँ ‘धेरै चाँडै समाप्त’ हुने आशा गरेको बताउनुभयो ।अमेरिकी विदेशमन्त्री मार्को रुबियोले आक्रमणपछि नयाँदिल्ली र इस्लामाबादका शीर्ष सुरक्षा अधिकारीहरूसँग कुरा गर्नुभएको छ ।

रुबियोले आफूले स्थितिलाई ‘नजिकबाट’ निगरानी गरिरहेको र ‘शान्तिपूर्ण समाधानका लागि भारतीय र पाकिस्तानी नेतृत्व दुवैलाई संलग्न गर्न जारी राख्ने’ बताउनुभयो ।

भारतीय सेनाले ‘लक्ष्य चयन र कार्यान्वयनको विधिमा पर्याप्त संयम प्रदर्शन गरेको’ भन्दै ‘कुनै पनि पाकिस्तानी सैन्य सुविधाहरूलाई लक्षित गरिएको छैन’ भनी जोड दिएको छ ।पाकिस्तानी प्रधानमन्त्री शाहबाज शरीफले भारतीय आक्रमणलाई ‘अकारण’ र ‘कायरतापूर्ण’ भन्दै ‘आक्रमणको जघन्य कार्यलाई सजायबाट वञ्चित गरिने छैन’ भन्नुभयो ।

भारत प्रशासित कश्मीरमा विद्रोहीहरूले स्वतन्त्रता वा पाकिस्तानसँग विलयको माग गर्दै सन् १९८९ देखि विद्रोह गर्दै आएका छन् । भारतले नियमित रूपमा आफ्नो छिमेकीलाई काश्मीरमा आफ्ना सेनाविरुद्ध लड्ने सशस्त्र समूहहरूलाई समर्थन गरेको आरोप लगाउँछ । उक्त आरोपलाईइस्लामाबादलेअस्वीकार गर्दछ ।तेहरानले मध्यस्थता गर्न खोज्दा इरानी विदेशमन्त्री अब्बास अराघची इस्लामाबादको भ्रमणको दुई दिनपछि बुधबार नयाँदिल्लीमा आउने अपेक्षा गरिएको छ ।

भारतले पनि बुधबार धेरै नागरिक सुरक्षा अभ्यासहरू गर्ने तयारी गरेको थियो । स्थानीय सरकारी अधिकारीहरूका अनुसार पाकिस्तानको पञ्जाबमा विद्यालयहरू बन्द थिए ।

आक्रमणहरू मोदीले भारतको सीमा पार गर्ने पानी रोकिने बताएको केही घण्टापछि भएको थियो । पाकिस्तानले भारतबाट आफ्नो क्षेत्रमा बग्ने नदीहरूसँग छेडछाड गर्नु ‘युद्धको कार्य’ हुने चेतावनी दिएको थियो ।

# गण्डकी कप महिला फुटबल आगामी असारमा



गण्डकी । प्रथम गण्डकी कप महिला फुटबल प्रतियोगिता आगामी असार अन्तिम साता पोखरा रङ्गशालामा हुने भएको छ । गण्डकी प्रदेश फुटबल सङ्घको आयोजना हुने उक्त प्रतियोगिताका लागि अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले आगामी असार २८ गतेदेखि साउन ३ गतेसम्मको समय दिएको सङ्घले जनाएको छ ।

गण्डकी प्रदेशमा पहिलोपटक हुन लागेको राष्ट्रियस्तरको उक्त महिला फुटबल प्रतियोगितामा नेपाली सेना(त्रिभुवन आर्मी क्लब), सशस्त्र प्रहरी बल (एपिएफ) लगायत आठ टिमले सहभागीता जनाउने सङ्घका महासचिव विनोद गुरुङले जानकारी दिनुभयो । ‘एन्फा’को स्वीकृतिसँगै प्रतियोगिताको तयारी अगाडि बढाइएको उहाँको भनाइ छ । पोखरामा महिला फुटबलको गतिविधि न्यून भइरहेका बेला राष्ट्रियस्तरको प्रतियोगिता हुने भएपछि यहाँका खेलप्रेमीसमेत उत्साहित बनेका छन् ।

महिला फुटबलको विकासलाई केन्द्रमा राखेर पहिलोपटक गोल्डकप फुटबल प्रतियोगिता आयोजना गर्न लागिएको महासचिव गुरुङले बताउनुभयो । उहाँका अनुसार गण्डकीमा महिला फुटबलको गतिविधि बढाइएमा विभागीय टिमसँग प्रतिस्पर्धा गर्न सक्ने गण्डकीको आफ्नै बलियो टिम बन्नेछ । महिला फुटबललाई अघि बढाउनकै लागि बागमती गोल्डकपमा गण्डकीको टिमलाई सहभागी गराइएको महासचिव गुरुङले बताउनुभयो ।रासस

# शीर्ष अमेरिकी अधिकारीहरूले स्विट्जरल्यान्डमा चिनियाँ प्रतिनिधिमण्डलसँग भेट्ने

एपी

वासिङ्टन । शीर्ष अमेरिकी अधिकारीहरू यस सप्ताहन्तमा स्विट्जरल्यान्डमा उच्च-स्तरीय चिनियाँ प्रतिनिधिमण्डलसँग भेट्ने तयारीमा छन् ।अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आयातमा कडा भन्सार महसुल लगाएर व्यापार युद्ध सुरु गरेपछि दुई देशबीचको पहिलो प्रमुख वार्ता हुनेछ ।

अमेरिकी वित्तमन्त्री स्कट बेसेन्ट र अमेरिकी व्यापार प्रतिनिधि जेमिसन ग्रियरले जेनेभामा आफ्ना समकक्षीहरूसँग भेट्नुहुनेछ । यो महिनौँदेखि दुई देशबीचको सर्वाधिक वरिष्ठ ज्ञात कुराकानी भएको ट्रम्प प्रशासनले मङ्गलबार घोषणा गरेको थियो । यो भन्सार महसुलका उपभोक्ता वस्तुहरूको मूल्य र आपूर्तिमा पर्ने प्रभावबारे बढ्दो अमेरिकी बजार चिन्ताका बीच आएको छ ।ट्रम्पको व्यापार युद्धबाट विश्वको सबैभन्दा ठूलो निर्यातकर्ता र दोस्रो ठूलो अर्थतन्त्र चीनभन्दा बढी कुनै पनि देश प्रभावित भएका छैनन् ।

जब ट्रम्पले अप्रिल २ मा आफ्नो ‘मुक्ति दिवस’ भन्सार महसुलको घोषणा गर्नुभयो, चीनले आफ्नै भन्सार महसुलसहितको प्रतिक्रिया दियो । उक्त कदमलाई ट्रम्पले सम्मानको कमीका रूपमा हेर्नुभएको थियो । त्यससबेलादेखि एक अर्काको सामानमा भन्सार महसुल गएको छ । अहिले चीनविरुद्धको अमेरिकी भन्सार महसुल एक सय ४५ प्रतिशत र अमेरिकामाथि चिनियाँ भन्सार महसुल एक सय २५ प्रतिशतमा पुगेको छ ।

अमेरिकी कम्पनीहरूले पहिले नै चीनबाट अर्डरहरू रद्द गर्न, विस्तार योजनाहरू स्थगित गर्न र भन्सार युद्धको परिणामस्वरूप सुरक्षित हुन थालेका छन् ।वार्ताका लागि योजनाहरू घोषणा गरिसकेपछि वित्तमन्त्री बेसेन्टले फक्स न्युजको ‘द इन्ग्राहाम एङ्गल’ मा संयुक्त राज्य अमेरिका विभिन्न व्यापारिक साझेदारहरूसँग वार्तामा संलग्न भएको छ, ‘चीन हराएको टुक्रा भएको छ’ भन्नुभयो ।

“वर्तमान अवस्था दिगो छैन... विशेष गरी चिनियाँ पक्षमा । हालको उच्च भन्सार महसुल स्तरहरू नाकाबन्दीको बराबर थिए । हामी विच्छेद गर्न चाहँदैनौँ । हामी निष्पक्ष व्यापार चाहन्छौँ”, उहाँले भन्नुभयो ।ट्रम्पले संयुक्त राज्य अमेरिका र चीन भन्सार महसुल घटाउन वार्ता गरिरहेका छन् भनी दाबी गर्नुभएको थियो । ट्रम्पले पहिले आफ्नो कडा भन्सार महसुल घटाउनुपर्छ भन्दै चीनले उक्त दाबीलाई अस्वीकार गरेको छ ।चिनियाँ वाणिज्य मन्त्रालयले मङ्गलबार स्विट्जरल्यान्डमा आफ्ना उपप्रधानमन्त्री र बेसेन्टबीचको बैठक भएको पुष्टि गरेको छ ।

“चिनियाँ पक्षले अमेरिकी पक्षबाट आएको जानकारीको सावधानीपूर्वक मूल्याङ्कन गऱ्यो र विश्वव्यापी अपेक्षाहरू, चिनियाँ हितहरू र अमेरिकी व्यवसायहरू र उपभोक्ताहरूको आह्वानलाई पूर्ण रूपमा विचार गरेपछि अमेरिकी पक्षसँग सम्पर्क गर्न सहमत हुने निर्णय गऱ्यो”, मन्त्रालयका प्रवक्ताले भने, “चीनले कुनै पनि सम्झौता खोज्दा आफ्ना सिद्धान्तहरू वा विश्वव्यापी समानता वा न्यायलाई तिलाञ्जलि दिने छैन ।”

अधिकांश अर्थशास्त्रीहरूले भन्सार महसुलको लागत उपभोक्ताहरूलाई अटोमोबाइल, किराना, आवास र अन्य वस्तुहरूको उच्च मूल्यका रूपमा पारित गरिने बताएका छन् ।


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८२/०१/२५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८२/०१/३१ गते/स्थान : शाखा कार्यालय बर्दिबास, महोत्तरी | २०८२/०२/०१ गते, बिहीबार दिनको ३ बजे |

| क्र.सं. | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : जितेन्द्र ठाकुर**<br>ना.प्र.नं. ८९९८३९७२, जि.प्र.का. महोत्तरी, जारी मिति : २०५२/११/०८<br>बाबुको नाम : मधुसुधन ठाकुर, बाजेको नाम : रघुविर ठाकुर<br>ठेगाना : महोत्तरी जिल्ला, सोनमा गा.पा. वडा नं. १, हाल : महोत्तरी जिल्ला, गौशाला न.पा वडा नं. ४, राजखोर | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : मनिता देवी ठाकुर**<br>ना.प्र.नं. १८३०५०/१२१३, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/११/०२<br>पतिको नाम : जितेन्द्र ठाकुर<br>ससुराको नाम : मधुसुधन ठाकुर<br>ठेगाना : महोत्तरी जिल्ला, सोनमा गा.पा. वडा नं. १<br>हाल : महोत्तरी जिल्ला, गौशाला न.पा वडा नं. ४, राजखोर | **२. नाम : शैलेन्द्र कुमार ठाकुर**<br>ना.प्र.नं. १८२०५०/२५११, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७४/१२/१९<br>बाबुको नाम : जितेन्द्र ठाकुर<br>बाजेको नाम : मधुसुधन ठाकुर<br>ठेगाना : महोत्तरी जिल्ला, सोनमा गा.पा. वडा नं. १<br>हाल : महोत्तरी जिल्ला, गौशाला न.पा वडा नं. ४, राजखोर |
| | **धितोको विवरण** | |
| | मनिता देवी ठाकुरको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, ५ नं. बहादुरगञ्ज वडा नं. ४ स्थित कित्ता नं. १०६९ को क्षेत्रफल ०-२-७-३ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय गोलबजार, सिरहाको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/०१/२५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीहरुले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

### तपसिल

| ऋणीको विवरण | |
|---|---|
| **१.** सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा मिति २०७२/११/०८ रोज १ मा प्रा.फ.र.नं. ४८५१/०७२/७३ तथा आन्तरिक राजश्व कार्यालय लाहानमा मिति २०७२/११/१० मा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र नं. ६०३९१०२७४ अन्तर्गत दर्ता कायम भएको **न्यू ग्रिन कोल्ड स्टोर** ।<br>**प्रोप्राइटर : जिवछ साह** | |
| **व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| १. असर्फी साहको नाति, काशी साहको छोरा, सिरहा जिल्ला, साविक हकपाडा गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, गोलवजार न.पा, वडा नं. ४ बस्ने **जिवछ साह** (ना.प्र.नं. ३५२५१६०७, जारी मिति २०५४/१०/१२, जि.प्र.का. सिरहा) । | २. जोखन पुर्वेको नाति, रबि पुर्वेको छोरा, सिराहा जिल्ला, साविक मुकसार गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. १ बस्ने **देवनाथ सुडी** (ना.प्र.नं. ५३१६००५३/२६४६, जारी मिति २०४५/०२/०६, जि.प्र.का. सिराहा) । |
| ३. रबि पुर्वेको नाति, देवनाथ सुडीको छोरा, सिराहा जिल्ला, साविक मुकसार गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. १ बस्ने **घुरन पुर्वे** (ना.प्र.नं. १५१०२०/१७९८, जारी मिति २०६६/१०/२८, जि.प्र.का. सिराहा) । | ४. रबि पुर्वेको नाति, देवनाथ सुडीको छोरा, सिराहा जिल्ला, साविक मुकसार गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. १ बस्ने **दुखरन पुर्वे** (ना.प्र.नं. १५३०२०/२४, जारी मिति २०६३/१२/१५, जि.प्र.का. सिराहा) । |
| ५. रबि पुर्वेको बुहारी, देवनाथ सुडीको पत्नि, सिराहा जिल्ला, साविक मुकसार गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. १ बस्ने **निरु देवी सुडी** (ना.प्र.नं. २७/४, जारी मिति २०४५/०२/०९, जि.प्र.का. सिराहा) । | ६. काशी साहको बुहारी, जिवछ साहको पत्नि, सिरहा जिल्ला, साविक हकपाडा गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, गोलवजार न.पा. वडा नं. ४ बस्ने **शिव देवी साह** (ना.प्र.नं. ४१६, जारी मिति २०६२/०१/१३, जि.प्र.का. सिराहा) । |
| **धितोको विवरण** | |
| १. देवनाथ सुडी (ना.प्र.नं. ५३१६००५३/२६४६, जारी मिति २०४५/०२/०६, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, साविक असनपुर गा.वि.स./न.पा. वडा नं. ९ स्थित कि.नं. २३१५ को क्षेत्रफल ०-०-१०-० (विघा) बमोजिमको जग्गा एवं सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>२. न्यू ग्रिन कोल्ड स्टोरको स्वामित्वमा रहेको माल सामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण । | |
| **ऋणीको विवरण** | |
| **२.** सिरहा जिल्ला, साविक असनपुर गा.वि.स. वडा नं. ७ क हाल गोलबजार न.पा. वडा नं. ६ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, लहान, सिरहामा मिति २०७५/०५/१४ गते प्रा.फ.र.नं. ८४९०/२०७५/०७६ स्थानीय व्यापार तथा आन्तरिक राजस्व कार्यालय लहानमा मिति २०७५/०५/१९ गते स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र नं. ६०८३८४५९९ अन्तर्गत दर्ता कायम भएको **माँ धमिनी जनरल स्टोर** ।<br>**प्रोप्राईटर : अनसुइया कुमारी साह** | |
| **व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| १. देव नारायण साहु सुडीको बुहारी, दिपक कुमार साहको पत्नी, सिरहा जिल्ला, साविक असनपुर गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६ बस्ने **अनसुइया कुमारी साह** (ना.प्र.नं. १५३०४७/५४६, जारी मिति २०६३/१२/३०, जि.प्र.का. सिरहा) । | २. लखन साह सुडीको नाति, देव नारायण साहु सुडीको छोरा, सिराहा जिल्ला, साविक असनपुर गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६ बस्ने **दिपक कुमार साह** (ना.प्र.नं. १४२९/३१२१७, जारी मिति २०५८/०९/१७, जि.प्र.का. सिराहा) । |
| ३. लखन साह सुडीको बुहारी, देव नारायण साहु सुडीको पत्नी, सिरहा जिल्ला, साविक लालपुर गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६ बस्ने **दुखनी सुडी** (ना.प्र.नं. ५३१६१९०१/५०५६, जारी मिति २०३५/०३/०७, जि.प्र.का. सिरहा) । | ४. हिराइ साहको नाति, लखन साह सुडीको छोरा, सिराहा जिल्ला, साविक लालपुर गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ६ बस्ने **देव नारायण साहु सुडी** (ना.प्र.नं. ५३१६१११४/२२२, जारी मिति २०३४/०४/२१, जि.प्र.का. सिराहा) । |
| **धितोको विवरण** | |
| १. **ऋणी दिपक कुमार साहको नाममा धितोबन्धक पारित भई ऋणी माँ धमिनी जनरल स्टोरको नाममा दोहोरो धितोबन्धकी कायम रहेको** देव नारायण साहु सुडी (ना.प्र.नं. ५३१६१११४/२२२, जारी मिति २०३४/०४/२१, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, साविक असनपुर गा.वि.स. वडा नं. ७ नक्सा सिट नं. ७ ख स्थित कि.नं. ७१३ को क्षेत्रफल ०-५-१८.७५-० (वि.क.धु.क.) बमोजिमको जग्गा एवं सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>२. माँ धमिनी जनरल स्टोरको स्वामित्वमा रहेको माल सामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण । | |

Siddhartha Bank
शाखा कार्यालय : गोलबजार, सिरहा
फोन नं. ०३३-५४०५११
Website : www.siddharthabank.com

# हुलाकी राजमार्ग : ४४ किमी कालोपत्र



दोधारा चाँदनी । हुलाकी राजमार्गको काम अन्तिम चरणमा पुगेको छ । कञ्चनपुरको डोकेबजारदेखि बेदकोट नगरपालिकाको दैजीसम्मको ६२ किलोमिटर सडक तीन खण्डमा निर्माणका लागि २०७३ फागुनमा सम्झौता भएको थियो । केही भागमा विवादका कारण निमार्ण ढिलाइ भएपनि ४४ किमी सडक कालोपत्र भएको छ । हुलाकी राजमार्ग योजना कार्यालय, धनगढीका प्रमुख मुकुन्द लामिछानेले राजमार्गको तीन वटा खण्ड मध्ये एउटा खण्ड निमार्ण सम्पन्न भएको जानकारी दिनुभयो । पहिलो खण्डमा मर्मत र रङ्गरोगनको काम मात्र बाँकी छ । अन्य दुई खण्डको कालोपत्रेको काम पनि अन्तिम चरणमा छ ।

"बेलौरीको ककत्तामा केही विवादका कारणले दोस्रो खण्डको ८८ मिटर सडक निमार्ण हुन सकेको छैन ।" उहाँले भन्नुभयो- "उक्त ठाउँमा विवाद भइराख्ने भएकाले निमार्ण कम्पनीले काम गर्न सक्ने अवस्था छैन ।"बाइस किमीको तेस्रो खण्डमा ११ किलोमिटर कालोपत्रेको काम बाँकी छ । डोकेबजारदेखि बेलौरीसम्मको पहिलो प्याकेजको २० किमी ३६ करोड ४७ लाखमा निमार्णभएको हो । बेलौरीदेखि बेल्डाडीसम्मको दोस्रो खण्ड २० किमी प्याकेजको लागत ४१ करोड ४१ लाख छ। हुलाकी सडकको तेस्रो खण्ड बेल्डाडीदेखी दैजीसम्म २२ किमी छ।

दक्षिणी क्षेत्रका नागरिकले कञ्चनपुर सदरमुकाम महेन्द्रनगर आवतजावत गर्न भारतीय बाटो भएर धनगढी हुँदै आउनुपर्ने बाध्यता थियो । सरकारले डोकेबजारदेखी बेदकोट नगरपालिकाको दैजीसम्म ६२ किमी हुलाकी सडक निमार्ण गरेपछि भने यहाँका नागरिकलाई राहत मिलेको छ। कञ्चनपुरको दक्षिणी क्षेत्रमा पुर्नवास र बेलौरी नगरपालिका लालझाडी र बेल्डाडी गाउँपालिका गरि चार पालिका छन्। चार वटै पालिकाको दक्षिणतर्फ भारतीय खुल्ला सिमानाका छ। अर्कोतर्फ शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका कारण यहाँका नागरिकको सहज पहुँच महेन्द्रनगरसम्म थिएन । २०६२/६३ सम्म पनि यातायातको असुविधाका कारण यहाँका नागरिकहरु पैदलमार्ग भएर महेन्द्रनगर सदरमुकाम आवतजावत गर्थे । "वर्षातको समयमा यातायात सेवा बन्द हुँदा बेदकोटको दैजीदेखी बेल्डाडीसम्म पैदल आवतजावत गर्नुपर्ने बाध्यता थियो।" यहाँका स्थानीय सन्तोष विष्टले भन्नुभयो,"त्यो बेलाको पैदल मार्ग पछि हुलाकी राजमार्गमा परिणत भएको हो।"

सडक सञ्जालको विस्तार गरी आर्थिक-सामाजिक विकास, व्यापार सहजीकरण मार्फत आर्थिक समृद्धि हासिल गर्ने योजना अनुसार सरकारले हुलाकी राजमार्ग निमार्ण गरेपछि यसले आर्थिक एवं सामाजिक परिवर्तन ल्याएको शिक्षक केवश विष्ट बताउँछन । "महेन्द्रनगर आवतजावत गर्न भारतको बाटो भएर जानुपर्थ्यो ।" उहाँले भन्नुभयो-"हुलाकी राजमार्ग बनेपछि यहाँका नागरिकलाई धेरै राहत भएको छ।"

उहाँले हुलाकी राजमार्ग सञ्चालनमा आएपनि यहाँको आर्थिक, सामाजिक विकासमा महत्वपूर्ण टेवा पुगेको बताउनुभयो। "अहिले यहाँका किसानहरुले आफ्नो उत्पादन सहज रुपमा बिक्रि गर्न पाएका छन बिहानै धनगढी बजारबाट दुध किन्न गाडी आउँछ।" उहाँले भन्नुभयो,"स्वास्थ्य र शिक्षामा समेत सहज पहुँच भएको छ। हुलाकी राजमार्ग भएर एक घन्टामा धनगढी पुग्न सकिन्छ,यो राजमार्ग यहाँको लागि 'लाइफ लाइन' नै हो।" उहाँका अनुसार हुलाकी राजमार्ग बनेपछि यहाँका कृषि उत्पादनले बजार पाएको छ । सडक सञ्जालको पहुँचले यहाँका नागरिकहरुलाई धेरै सहज भएको छ।

हुलाकी राजमार्ग निमार्ण पछि यहाँको जग्गाको मुल्य वृद्धि भएको यहाँका स्थानयि बताउँछन । यहाँका स्थानीय सुरत मल्लका अनुसार हुलाकी सडक बन्नुपूर्व यहाँका कठ्ठाको चार/पाँच लाख रुपयामा खरिद बिक्रि हुन्थ्यो। राजमार्ग बनेपछि २० लाखसम्ममा बिक्रि हुने गरेको छ। "त्यो बेला त धेरै दुःख पाएका हौ हामीले यहाँ अहिले त सडकले आनन्द छ।" उहाँले भन्नुभयो-"स्थानीय सरकार आएपछि भित्रभित्रका सडक पनि कालोपत्रे हुन थालेका हुन।" रासस

# निर्धारित विदेशी मुद्राको विनिमयदर

काठमाण्डु । नेपाल राष्ट्र बैङ्कले बुधबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। निर्धारित विनिमयदर अनुसार अमेरिकी डलर एकको खरिददर १३४ रूपैयाँ ८० पैसा र बिक्रीदर १३५ रूपैयाँ ४० पैसा कायम भएको छ।

यस्तै, युरोपियन युरो एकको खरिददर १५२ रूपैयाँ ७० पैसा र बिक्रीदर १५३ रूपैयाँ ३८ पैसा, युके पाउन्ड स्ट्रर्लिङ एकको खरिददर १८० रूपैयाँ १४ पैसा र बिक्रीदर १८० रूपैयाँ ९४ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १६३ रूपैयाँ ४० पैसा र बिक्रीदर १६४ रूपैयाँ १३ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८७ रूपैयाँ ०५ पैसा र बिक्रीदर ८७ रूपैयाँ ४४ पैसा, क्यानेडियन डलर एकको खरिददर ९७ रूपैयाँ ५८ पैसा र बिक्रीदर ९८ रूपैयाँ ०१ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०४ रूपैयाँ ५६ पैसा र बिक्रीदर १०५ रूपैयाँ ०२ पैसा निर्धारण गरिएको नेपाल राष्ट्र बैंकले जनाएको छ।

त्यस्तै, केन्द्रीय बैंकले जापानी येन १० को खरिददर नौ रूपैयाँ ४३ पैसा र बिक्रीदर नौ रूपैयाँ ४७ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रूपैयाँ ६८ पैसा र बिक्रीदर १८ रूपैयाँ ७६ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रूपैयाँ ९४ पैसा र बिक्रीदर ३६ रूपैयाँ १० पैसा, कतारी रियाल एकको खरिददर ३६ रूपैयाँ ९८ पैसा र बिक्रीदर ३७ रूपैयाँ १५ पैसा तोकेको छ।

केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर चार रूपैयाँ १३ पैसा र बिक्रीदर चार रूपैयाँ १५ पैसा, युएई दिराम एकको खरिददर ३६ रूपैयाँ ७० पैसा र बिक्रीदर ३६ रूपैयाँ ८६ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रूपैयाँ ८५ पैसा र बिक्रीदर ३१ रूपैयाँ ९९ पैसा निर्धारण भएको छ। यसैगरी, साउथ कोरियन वन १०० को खरिददर नौ रूपैयाँ ७६ पैसा र बिक्रीदर नौ रूपैयाँ ८१ पैसा, स्विडिस क्रोनर एकको खरिददर १४ रूपैयाँ ०१ पैसा र बिक्रीदर १४ रूपैयाँ ०७ पैसा र डेनिस क्रोनर एकको खरिददर २० रूपैयाँ ४६ पैसा र बिक्रीदर २० रूपैयाँ ५५ पैसा तोकिएको छ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १७ रूपैयाँ ३९ पैसा र बिक्रीदर १७ रूपैयाँ ४७ पैसा, कुवेती दिनार एकको खरिददर ४३९ रूपैयाँ ६९ पैसा र बिक्रीदर ४४१ रूपैयाँ ६५ पैसा, बहराइन दिनार एकको खरिददर ३५७ रूपैयाँ ५५ पैसा र बिक्रीदर ३५९ रूपैयाँ १४ पैसा, ओमनी रियाल एकको खरिददर ३५० रूपैयाँ १३ पैसा र बिक्रीदर ३५१ रूपैयाँ ६९ पैसा रहेको छ।रासस

# सागसब्जी र फलफूलको अधिकतम थोक मूल्य



काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले बुधबारका लागि कृषिउपजको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो।

गोलभेँडा ठूलो (भारतीय) प्रतिकिलो रु ७०, गोलभेँडा सानो (लोकल) प्रतिकिलो रु ५२, गोलभेँडा सानो (भारतीय) प्रतिकिलो रु ५२, गोलभेँडा सानो (तराई) प्रतिकिलो रु ४४, आलु रातो प्रतिकिलो रु ३५, आलु रातो (भारतीय) प्रतिकिलो रु ३८, प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ३८, गाजर (लोकल) प्रतिकिलो रु ६०, गाजर (तराई) प्रतिकिलो रु २५, बन्दा (लोकल) प्रतिकिलो रु १५, बन्दा (नरिवल) प्रतिकिलो रु २०, काउली (स्थानीय) प्रतिकिलो रु ५०, मूला रातो प्रतिकिलो रु ४०, मूला सेतो (लोकल) प्रतिकिलो रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु ३०, भन्टा लाम्चो प्रतिकिलो रु ४०, भन्टा डल्लो प्रतिकिलो रु ४०, तने बोडीको मूल्य प्रतिकिलो रु ७० कायम गरिएको छ।

यसैगरी, मटरकोसा प्रतिकिलो रु ९०, घिउ सिमी (लोकल) प्रतिकिलो रु ६०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ६०, भटमास कोसा प्रतिकिलो रु १५०, तितो करेला प्रतिकिलो रु ३०, लौका प्रतिकिलो रु ३०, परबर (लोकल) प्रतिकिलो रु ६०, चिचिण्डो प्रतिकिलो रु ४०, घिरौला प्रतिकिलो रु ३५, झिगुनी प्रतिकिलो रु ७०, फर्सी पाकेको प्रतिकिलो रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकिलो रु २५, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु ३०, सलगम प्रतिकेजी रु ८०, भिण्डी प्रतिकिलो रु ४० कायम गरिएको छ।

यस्तै, सखरखण्ड प्रतिकिलो ६०, बरेला प्रतिकिलो रु ५०, पिँडालु प्रतिकिलो रु ९०, स्कूस प्रतिकिलो रु ५०, रायो साग प्रतिकिलो रु ६०, पालुङ्गो साग प्रतिकिलो ९०, चमसुरको साग रु ९०, तोरीको साग प्रतिकिलो रु ३५, मेथीको साग प्रतिकिलो रु ८०, प्याज हरियो प्रतिकिलो रु ६०, बकुला प्रतिकिलो रु ५०, तरुल प्रतिकिलो रु १००, च्याउ (कन्य) प्रतिकिलो रु १७०, च्याउ (डल्ले) प्रतिकिलो रु ३५०, कुरिलो प्रतिकिलो रु ६०० निर्धारण गरिएको छ।

निगुरो प्रतिकिलो रु ५०, ब्रोकाउली प्रतिकिलो रु ९०, चुकुन्दर प्रतिकिलो रु ६०, सजीवन प्रतिकिलो रु १००, कोइरालो प्रतिकिलो रु १९०, रातो बन्दा प्रतिकिलो रु ६०, जिरीको साग प्रतिकिलो रु ६५, ग्याठकोभी प्रतिकेजी रु ६०, सेलरी प्रतिकिलो रु २००, पार्सले प्रतिकिलो रु ३००, सौफको साग प्रतिकिलो रु १००, पुदिना प्रतिकिलो रु २४०, गान्टे मूला प्रतिकिलो रु ५०, इमली प्रतिकिलो रु १७०, तामा प्रतिकिलो रु १००, तोफु प्रतिकिलो रु १४० र गुन्द्रुक प्रतिकिलो रु ३५० तोकेको छ।

समितिले स्याउ (झोले) प्रतिकिलो रु २५०, स्याउ (फूजी) प्रतिकिलो रु ३४०, केरा (दर्जन) रु १६०, कागती प्रतिकिलो रु २८०, अनार प्रतिकिलो रु ३५०, अङ्गुर (हरियो) प्रतिकिलो रु २००, अङ्गुर (कालो) प्रतिकिलो रु २५०, भारतीय सुन्तला रु १४०, तरबुजा हरियो प्रतिकिलो रु ५०, मौसम प्रतिकिलो रु २००, जुनार प्रतिकिलो रु २००, भुइँकटहर प्रतिगोटा रु २००, काँक्रो (लोकल) प्रतिकिलो रु ७०, काँक्रो (हाइब्रिड) प्रतिकिलो रु ३०, रुख कटहर प्रतिकिलो रु ८०, नासपाती (चाइनिज) प्रतिकिलो रु २६०, मेवा (नेपाली) प्रतिकिलो रु ५०, मेवा (भारतीय) प्रतिकिलो रु १२०, अम्बा प्रतिकिलो रु १२०, उखु प्रतिगोटा रु ८०, स्ट्रबेरी (भुइँऐसेलु) प्रतिकिलो रु २५०, किबी प्रतिकिलो रु ४६०, आभोकाडो प्रतिकिलो रु ६४० निर्धारण गरिएको छ।

यसैगरी, अदुवा प्रतिकिलो रु १००, खुर्सानी सुकेको प्रतिकिलो रु ४२०, खुर्सानी हरियो प्रतिकिलो रु ९०, खुर्सानी हरियो (बुलेट) प्रतिकिलो रु ९०, खुर्सानी हरियो (माछे) प्रतिकिलो रु ५५, खुर्सानी हरियो (अकबरे) प्रतिकेजी रु ४००, भेडे खुर्सानी प्रतिकिलो रु १००, लसुन हरियो प्रतिकिलो रु १००, हरियो धनिया प्रतिकिलो रु १२० निर्धारण गरिएको छ।रासस


## हिमालयन बैंक लिमिटेडको
## ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

तपसिलमा उल्लेखित ऋणीले यस बैकबाट लिएको ऋणकर्जाको समय समयमा तिर्नु बुझाउन पर्ने साँबा, ब्याज आदि नतिरी नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नुभएको तथा पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्नु नभएकोले यो सुचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिनभित्र धनि बैंकमा सम्पर्क राखी लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला अन्यथा ऐन कानुन तथा ऋणी र बैंकबीच भएको लिखत अनुसार कारवाही गरी कालोसुचीमा राखि बैंकको लेना असुल उपर गरिने छ। साथै धितो तथा व्यक्तिगत जमानी दिनुहुने महानुभावहरुलाई समेतले यसै सुचनाबाट जानकारी लिनुहुन अनुरोध गरेका छौं।

तपसिल

| शाखा कार्यालयः पिडारीचोक शाखा, धनुषा | |
|---|---|
| १. घरेलु तथा साना उद्योग कार्यालय, धनुषा जनकपुरधाममा प्रा.फ.द.प्र.प.नं. ११८७८/६३२/०७६/०७७ कायम भई मिति २०७६/१०/१९ मा दर्ता भएको **आशिष कुखुरा तथा माछा पालन फार्म (ऋणी)**<br>**प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: संतोष कुमार महतो**<br>**व्यक्तिगत जमानी दिने:**<br>**विसेसर महतो कोइरी**<br>**फुल कुमारी कोइरीन**<br>**बबिता कुमारी** | १. झरी महतो कोइरीको नाति बिशेश्वर महतो कोइरीको छोरा धनुषा जिल्ला दिगम्वरपुर गा.वि.स. वडा नं. ९ (हाल क्षिरेश्वरनाथ न.पा वडा नं. ९) बस्ने **संतोष कुमार महतोको** नाममा दर्ता कायम रहेको धनुषा जिल्ला सखुवा गा.वि.स. वडा नं. १ (हाल परिवर्तित धनुषा जिल्ला क्षिरेश्वरनाथ न.पा वडा नं. ९) स्थित कित्ता नं. २८७ को क्षेत्रफल ०–१–०–० (विघा) जग्गा समेत ।<br>२. दशै महतो कोइरीको नाति झरी महतो कोइरीको छोरा धनुषा जिल्ला सखुवा महेन्द्रनगर गा.वि.स. वडा नं. २ (हाल क्षिरेश्वरनाथ न.पा वडा नं. ९) बस्ने **विसेस्वर महतो कोइरीको** नाममा दर्ता कायम रहेको धनुषा जिल्ला सखुवा गा.वि.स. वडा नं. १ग (हाल परिवर्तित क्षिरेश्वरनाथ न.पा वडा नं. ९) स्थित कित्ता नं. ३०२ को क्षेत्रफल ०–१–१३–० (विघा) जग्गा समेत । |
| २. घरेलु तथा साना उद्योग कार्यालय, धनुषा जनकपुरधाममा उद्योग दर्ता.नं. १३०९३/७५६/०७७/०७८ कायम भई मिति २०७७/०९/०२ मा दर्ता भएको **मण्डल मत्स्य पशुपालन तथा कृषि फर्म (ऋणी)**<br>**सञ्चालक तथा व्यक्तिगत जमानी दिने: कृष्णा कुमार मण्डल**<br>**व्यक्तिगत जमानी दिने: द्रौपती देवी मंडल, बलराम मण्डल सिकिन्दर मण्डल** | हरीवंश मण्डलको बुहारी लक्ष्मी मण्डलको छोरी सिकिन्दर मण्डलको पत्नि धनुषा जिल्ला शान्तिपुर गा.वि.स. वडा नं. ३ (हाल बटेश्वर गा.पा वडा नं. ५) बस्ने **द्रौपती देवी मण्डलको** नाममा दर्ता कायम रहेको धनुषा जिल्ला शान्तिपुर गा.वि.स. वडा नं. ३ (हाल परिवर्तित बटेश्वर गा.पा वडा नं. ५) स्थित कित्ता नं. ४१६ को क्षेत्रफल ०–१–३–५ (विघा) जग्गा समेत । |
| ३ वाणिज्य विभाग, जनकपुर, धनुषामा प्रा.फ.र.नं. १४९११/१६९६/२०७६/०७७ कायम भई मिति २०७६/११/०१ मा दर्ता भएको **आयुष डिपो एण्ड जेनरल सप्लायर्स (ऋणी)**<br>**प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: बिलटु साहु तेली**<br>**व्यक्तिगत जमानी दिने: रामरती देवी तेली, सरोज साहु तेली, गुडिया कुमारी** | संत साहु तेलीको नाती नकटु साहु तेली छोरा धनुषा जिल्ला तारापटी सिरसिया गा.वि.स. वडा नं. १ (हाल मिथिला बिहारी न.पा वडा नं. ६) बस्ने **बिलटु साहु तेलीको** नाममा दर्ता कायम रहेको धनुषा जिल्ला तारापटी सिरसिया गा.वि.स. वडा नं. १ (हाल परिवर्तित मिथिला बिहारी न.पा वडा नं. ६) स्थित कित्ता नं. २९८, ४३५ र ४३६ को क्षेत्रफल क्रमशः ०–१–६–०, ०–०–१६–० र ०–१–१२–० (विघा) जग्गा समेत । |

HBL | हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**हिमालयन बैंक लि. केन्द्रीय कार्यालय**
**कर्जा असुली विभाग, कमलादी, काठमाडौं**
**फोन नं. ०१-४१६९१५०, पो.ब.नं. २०५९० काठमाडौं**



## लुम्बिनी विकास बैंक लिमिटेडको
## तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८२/०१/२५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १. | **नाम : इन्द्रेश कुमार यादव**<br>बाबुको नाम : हरि नारायण गोइत यादव, बाजेको नाम : कारी गोइत यादव<br>ठेगाना : इनर्वा - ८, धनुषा<br>ना.प्र.प.नं. : २९३५०९३१, जि.प्र.का. धनुषा, जारी मिति : २०६१/०८/०९<br><br>**नाम : किरण कुमारी यादव**<br>पतिको नाम : इन्द्रेश कुमार यादव, सासुराको नाम : हरि नारायण गोइत यादव<br>ठेगाना : इनर्वा - ८, धनुषा<br>ना.प्र.प.नं. : १७३००४/७, जि.प्र.का. धनुषा, जारी मिति : २०७०/०२/१२<br>**शाखा कार्यालय : जनकपुर** |

**ब्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : इन्द्रेश कुमार यादव**<br>बाबुको नाम : हरि नारायण गोइत यादव<br>बाजेको नाम : कारी गोइत यादव<br>ठेगाना : इनर्वा - ८, धनुषा<br>ना.प्र.प.नं. : २९३५०९३१<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६१/०८/०९ | **२. नाम : हरि नारायण गोइत यादव**<br>बाबुको नाम : कारी गोइत यादव<br>बाजेको नाम : महाबीर गोइत<br>ठेगाना : इनर्वा - ८, धनुषा<br>ना.प्र.प.नं. : ५९२५०३१९<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०४१/०७/१९ |
| **३. नाम : किरण कुमारी यादव**<br>पतिको नाम : इन्द्रेश कुमार यादव<br>सासुराको नाम : हरि नारायण गोइत यादव<br>ठेगाना : इनर्वा - ८, धनुषा<br>ना.प्र.प.नं. : १७३००४/७<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०७०/०२/१२ | **४. नाम : सोनीया देवी यादव**<br>पतिको नाम : हरि नारायण गोइत यादव<br>सासुराको नाम : कारी गोइत यादव<br>स्थायी ठेगाना: वालावाखर - ३, धनुषा<br>हाल : इनर्वा - ८, धनुषा<br>ना.प्र.प.नं. : ०६१५०८५२/०३६/३७<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०३६/१२/१८ |

**धितोको विवरण**

१. सोनीया देवी यादवको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता श्रेस्ता कायम रहेको बेंगा शिवपुर - ७ ख, धनुषा स्थित कि.नं. २३८१ को क्षेत्रफल ०-०-१८-११ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. किरण कुमारी यादवको नाममा यस बैंकको खाता नं. 0303222026481200002 मा मिति १७/०९/२०२८ मा भुक्तानी हुने रसिद नं. F२२०३०३२२००३ को रु. ३०,००,०००/– (तीस लाख रुपैयाँ) मुद्दती रसिद ।

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| २. | **नाम : अनुस्का निर्माण सेवा**<br>दर्ता गर्ने निकाय : प्रदेश सरकार, मधेष प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय<br>दर्ता नं. : १३२९९/९६५/०७७/०७८, दर्ता मिति : २०७७/०९/२८<br>रजिष्टर्ड कार्यालय : जनकपुर - १६, धनुषा<br>**प्रोप्राईटर : राम मिलन राउत कुर्मि**<br><br>**नाम : परमिला देवी**<br>पतिको नाम : राम मिलन राउत कुर्मि, ससुराको नाम : राम सेवक राउत कुर्मि<br>ठेगाना : औरही - ५, धनुषा<br>ना.प्र.प.नं. : १७-०१-७४-१४३९३, जि.प्र.का. धनुषा, जारी मिति : २०७४/१२/०६<br>**शाखा कार्यालय : जनकपुर** |

**ब्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : परमिला देवी**<br>पतिको नाम : राम मिलन राउत कुर्मि<br>ससुराको नाम : राम सेवक राउत कुर्मि<br>ठेगाना : औरही - ३, धनुषा<br>ना.प्र.प.नं. : १७-०१-७४-१४३९३<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०७४/१२/०६ | **२. नाम : राम मिलन राउत कुर्मि**<br>बाबुको नाम : राम सेवक राउत कुर्मि<br>बाजेको नाम : धनपैत राउत<br>ठेगाना : चक्कर - ५, धनुषा<br>ना.प्र.प.नं. : १८२१२९३३<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०५६/०४/११ |

**धितोको विवरण**

परमिला देवीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता श्रेष्ता कायम रहेको लवटोली - १ क, धनुषा स्थित कित्ता नं. ५८ र ४४१ को क्षेत्रफल क्रमशः ०-७-१८-० र ०-७-५-० बिगहा तथा जनकपुर - १, धनुषा स्थित कित्ता नं. ४२४ को क्षेत्रफल ०-०-१०-३.५ बिगहाको जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क्र.सं. | ऋणीको विवरण | ब्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|---|
| ३. | **नाम : उपेन्द्र न्यौपाने**<br>बाबुको नाम : केशव प्रसाद न्यौपाने<br>बाजेको नाम : चुडा मणी न्यौपाने<br>ठेगाना : तलाखु - ५, नुवाकोट<br>हाल : गाणेशमान चारनाथ - ३, धनुषा<br>ना.प्र.प.नं. : २५-०१-७१-०२६६२<br>जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०७१/०४/१४<br>**शाखा कार्यालय : जनकपुर** | **नाम : केशव प्रसाद न्यौपाने**<br>बाबुको नाम : चुडा मणी न्यौपाने<br>बाजेको नाम : अदु न्यौपाने<br>ठेगाना : तलाखु - ३, नुवाकोट<br>हाल : गाणेशमान चारनाथ - ३, धनुषा<br>ना.प्र.प.नं. : ४७०७<br>जि.प्र.का. नुवाकोट<br>जारी मिति : २०४५/०१/२१ |

**धितोको विवरण**

उपेन्द्र न्यौपानेको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता रहेको भरतपुर - ३ ख हाल गाणेशमान चारनाथ -१, धनुषा स्थित कित्ता नं. ३३९ को क्षेत्रफल ०-३-१६-४ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| ४. | **नाम : प्रणय निमार्ण सेवा प्रा.लि.**<br>दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय<br>दर्ता नं. : १६०३९८/०७३/०७४, दर्ता मिति : २०७३/०९/०४<br>रजिष्टर्ड कार्यालय : जनकपुर - २, धनुषा<br>**सञ्चलकहरु : मनोज झा र प्रेमकली देवी झा**<br><br>**नाम : प्रणय जेनरल अर्डर सप्लायर्स**<br>दर्ता गर्ने निकाय : नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, जनकपुर, धनुषा<br>दर्ता नं. : १७७५३/२५३८/०७७/७८, दर्ता मिति : २०७८/०३/०७<br>रजिष्टर्ड कार्यालय : जनकपुर - २, धनुषा<br>**प्रोप्राईटर : मनोज झा, शाखा कार्यालय : जनकपुर** |

**ब्यक्तिगत जमानत दिनेको विवरण**

| | |
|---|---|
| **१. नाम : मनोज झा**<br>बाबुको नाम : योगेन्द्र झा<br>बाजेको नाम : वौयलाल झा<br>ठेगाना : जनकपुर - २, धनुषा<br>ना.प्र.प.नं. : ३९६८३०१७<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०५१/०९/०६ | **२. नाम : रिना झा**<br>पतिको नाम : मनोज झा<br>ससुराको नाम : योगेन्द्र झा<br>ठेगाना : जनकपुर - २, धनुषा<br>ना.प्र.प.नं. : १७११०२/२२०८<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०६६/१०/२४ |
| **३. नाम : प्रेम कली देवी झा**<br>पतिको नाम : शोभित झा<br>ससुराको नाम : उदिश नारायण झा<br>ठेगाना : सहोडवा - ७, महोत्तरी<br>ना.प्र.प.नं. : ८१९०२५९३<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५२/१२/०५ | **४. नाम : राजिब कुमार झा**<br>बाबुको नाम : शोभित झा<br>बाजेको नाम : उदिश नारायण झा<br>ठेगाना : सहोडवा - ७, महोत्तरी<br>ना.प्र.प.नं. : ८१९०२३३४<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५८/०१/१२ |
| **५. नाम : संजीब कुमार झा**<br>बाबुको नाम : शोभित झा<br>बाजेको नाम : उदिश नारायण झा<br>ठेगाना : सहोडवा - ७, महोत्तरी<br>ना.प्र.प.नं. : ८१९०२४७०<br>जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५०/०६/१८ | **६. नाम : चन्द्र कला देवी**<br>पतिको नाम : योगेन्द्र झा<br>ससुराको नाम : वौयलाल झा<br>ठेगाना : जनकपुर - २, धनुषा<br>ना.प्र.प.नं. : ३९६९११६९<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०४०/११/०८ |

**धितोको विवरण**

१. प्रेम कली देवी झाको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम रहेको जनकपुर - १४, धनुषा स्थित कित्ता नं. १३, १०४, ४०, १८८, ४१ र १८९ को क्षेत्रफल क्रमशः ०-०-४-३, ०-०-१५-१, ०-०-१-१, ०-०-११-३, ०-०-२-१ र ०-०-४-३ (विगहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. मनोज झाको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता कायम रहेको जनकपुर - २, धनुषा स्थित कित्ता नं. २०३ र २०५ को क्षेत्रफल क्रमशः ०-०-१७-१ र ०-०-०-३ (विगहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
३. चन्द्र कला देवीको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता कायम रहेको भंगहा - ६ च, महोत्तरी स्थित कित्ता नं. १५५ को क्षेत्रफल ०-७-०-० (विगहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ। लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८२ जेष्ठ १४ गते बुधबार कार्यालय समय सम्म ।**
**बोलपत्र खोलिने मिति र समय : २०८२ जेष्ठ १६ गते शुक्रबार १:०० बजे**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि. Lumbini Bikas Bank Ltd. निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रीय कार्यालय:**
**सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६**
**फ्याक्स नं. ०१-४५१३५२६**

# संघीय लोकतान्त्रिक मोर्चाको बैठकबाट चार निर्णय

टुडे समाचारदाता

काठमाण्डु । संघीय लोकतान्त्रिक मोर्चाको बैठकले विभिन्न निर्णहरु गरेको छ । बुधबार बसेको मोर्चाको बैठकले विभिन्न चार निर्णयहरू गरेको जनाइएको छ।



सो बैठकबाट वैशाख ९ गते मंगलवार मित्रराष्ट्र भारतको काश्मीर स्थित पहलगाममा आतंकवादीहरुले आक्रमण गरी नेपाली नागरिक सुदिप न्यौपाने सहित २८ जना भारतीय पर्यटकको गरेको हत्याप्रति हाम्रो गम्भीर ध्यानाकर्षण बताउँदै उक्त मानवता विरोधी जघन्य अपराधको घोर भर्त्सना गरेको छ। आतंकवादको विरुद्धमा गरिने सबै खाले संघर्ष र कारबाहीप्रति आफूहरूको ऐक्यवद्धता रहेको समेत जनाएको छ।

यसका साथै नेपाली नागरिक सुदिप न्यौपानेको परिवारलाई क्षतिपूर्ति, सहयोग र रेखदेख गर्न नेपाल सरकारसँग आग्रह गरेको जनाएको छ । त्यस्तै बैठकबाट वैशाख १७ गते नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशमलाल चौधरीलाई राज्यद्वारा गरिएको गैरकानुनी गिरफ्तारीको घोर भर्त्सना र विरोध गरेको छ।

त्यस्तै सो गैरकानुनी कार्यमा संलग्न रहेकाहरूलाई कानुनी कारबाहीको माग समेत गरेको छ।

मधेश जनविद्रोह, आन्दोलन, किराँत लिम्बुवान आन्दोलन लगायत विभिन्न आन्दोलनका क्रममा मुद्दा लगाइ जेलमा राखिएका राजवन्दीहरुलाई विना सर्त रिहाइ तथा झुठा मुद्दा लगाइएकाहरूको मुद्दा खारेज गर्न नेपाल समेत बैठकबाट सरकारसँग माग गरेका छ।

नेपाल सरकारद्वारा विभिन्न आन्दोलनरत पक्षसँग विभिन्न समयमा गरिएका सम्झौताहरूलाई तत्काल कार्यान्वयन गर्न समेत मार्चाको बैठकबाट माग गरेको छ।

भारत-पाकिस्तान युद्धः

# नेपाल-भारत सीमा क्षेत्रमा उच्च सुरक्षा सतर्कता

टुडे समाचारदाता

जनकपुरधाम । भारत-पाकिस्तानबीचको पछिल्लो सैन्य तनावले नेपाल-भारत सीमानाकामा समेत प्रभावित भएको छ।



भारतले पाकिस्तानको सीमावर्ती क्षेत्रमा लक्षित मिसाइल आक्रमण गरेपछि सीमानाका क्षेत्रमा सुरक्षाकर्मीहरूले आवतजावतमा कडाइ गरेका छन् ।

विशेष गरी भिठ्ठामोड र जटही नाकामा उच्च सुरक्षा सतर्कता अपनाइएको छ। त्यस नाकामा दुवै देशका सुरक्षाकर्मीहरू तैनाथ गरिएका छन् ।

सीमानाका क्षेत्रमा सामान्यतया बिना कुनै रोकटोक नागरिकहरू आवतजावत गर्ने व्यवस्था थियो । दैनिक रूपमा सयौं नेपाली र भारतीय नागरिकहरू सामान खरिद, स्वास्थ्य उपचार, रोजगार वा आफन्त भेट्न सीमा पार गर्ने गरेको थियो । तर पछिल्लो सैन्य घटनापछि दुवै देशका सुरक्षा निकायहरूले सीमा क्षेत्रलाई संवेदनशील मानेर प्रत्येक व्यक्तिको परिचय र गन्तव्यबारे सोधपुछ गरी मात्र आवतजावत अनुमति दिन गरेको छ।

जटही नाका हुँदै दैनिक रूपमा भारतको दरभंगातर्फ आवतजावत गर्ने सर्वसाधारण अहिले सुरक्षा प्रक्रिया कडाइ भएपछि आवागमनमा असहजता भएको छ । सीमानाकामा झण्डै ३० मिनेटसम्म सोधपुछ भएपछि मात्रै उनीहरूलाई आउजाउ गर्न दिइन्छ।

सुरक्षा अधिकारीहरूले सो अस्थायी अवस्था भएको र स्थिति सामान्य भएपछिमात्र पूर्ववत सहजता कायम हुने बताएका छन्। तर स्थानीय जनताले यसले दैनिक जीवनमा असर परेको बताउँदै चाँडो समाधानको अपेक्षा राखेका छन् ।

सीमानाका क्षेत्रका बजारहरूमा पनि केही असर देखिएको छ। भारतीय बजारबाट सामान ओसारपसार गर्ने व्यापारीहरूले सुरक्षा प्रक्रिया लामो भएकाले ढुवानीमा ढिलाइ भएको गुनासो गरेका छन् ।

नेपाल-भारतबीच खुला सीमाको व्यवस्था भए तापनि दुई देशबीचको सुरक्षा अवस्था, विशेष गरी भारतको पश्चिमी सीमामा देखिएको सैन्य तनावले पूर्वी सीमामा समेत असर परेको छ।

# भारत-पाकिस्तान युद्धका कारण मधेशको सीमानाका कडाइ

टुडे समाचारदाता

मलंगवा । भारत-पाकिस्तानबीच भएको युद्धको असर नेपालमा पनि पर्न थालेको छ। नेपाल-भारतबीचमा रहेको सीमा नाकामा सुरक्षाकर्मीले कडाइ गर्न थालेको छ।



सर्लाहीको सीमानाकामा आवतजावत गर्ने मानिसहरुलाई नेपाल र भारत दुबै तर्फका सुरक्षाकर्मीले परिचयपत्र हेरेर मात्रै प्रवेश दिइरहेका छन् । नेपालबाट भारत जाने र भारतबाट नेपाल आउने दुबै तर्फका व्यक्तिहरूको पहिचान खुल्ने परिचयपत्र चेकजाँच गरेर आवतजावत गरेर दिएका छन्।

यसअघि सीमावर्ती क्षेत्रमा स्थलमार्ग भएर आवतजावत गर्न दुबै देशका नागरिकलाई परिचय पत्र अनिवार्य थिएन।

भारत-पाकिस्तानबीचको उत्पन्न पछिल्लो तनावको अवस्थालाई मध्यनजर गर्दै नाकाहरूमा चेकजाँचमा कडाइ गरिएको सुरक्षाकर्मीले बताएका छन् । भारत-पाकिस्तानबीच भइरहेको युद्ध र यसको जोखिम बढेपछि भारतमा काम गर्न गएका नेपाली मजदुरहरू बुधबारदेखि नेपाल फर्किन थालेको छ। ज्यान र धनमालको जोखिम बढेपछि नेपाली मजदुरहरू फर्किन थालेको बताएको छ । खासगरि भारतको पंजाब र उतर प्रदेशबाट नेपाली कामदारहरू फर्किन थालेका छन् । यता विभिन्न प्रयोजनका लागि भारतमा जाने नेपालीहरूको संख्यामा पनि कमि आएको भारतीय सुरक्षाकर्मी एसएसबीले जनाएको छ । नेपालबाट भारतमा जाने नेपालीहरूमा ब्यापक कमि आएको छ भने भारतमा काम गरिरहेको नेपाली मजदुरहरू घर फर्किन थालेको छ । मंगलबार राति मात्र भारतले पुलवामा आतंकी हमलामा एक नेपाली नागरिकसहित २६ जना सर्वसाधारणले ज्यान गुमाएका थिए। सोही आतंकी आक्रमणविरूद्धमा हिजो राति भारतले पाकिस्तान माथि आक्रमण गरेपछि नेपालको मधेश प्रदेशसंग नेपाल- भारत सीमानाकाहरूमा जोखिम बढ्ने सम्भावित खतरालाई हेर्दै सुरक्षानिकायले चेकजाँचमा कडाइ गरेको छ भने सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नेपाली नागरिकहरूमा समेत डर र त्रास बढेको देखिन्छ।

# मानव बेचबिखनको आरोपमा एकजना पक्राउ

टुडे समाचारदाता

वीरगञ्ज । पर्सा प्रहरीले मानव बेचबिखन तथा ओसारपसारमा संलग्न रहेको आरोपमा वीरगञ्जस्थित नेपाल-भारत सीमाबाट एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा धादिङ गल्छी गाउँपालिका-२ का २४ वर्षीय रोजन भुजेल रहेका छन् ।



आरोपित भुजेललाई सोमबार साँझ वीरगञ्ज महानगरपालिका-१६ शंकराचार्य गेटस्थित सडकखण्डमा प्रहरी चौकी ईनर्वाबाट खटिएको प्रहरी चेकिङ टोलीले पक्राउ गरेको छ । नेपालबाट भारततर्फ जाँदै गरेका दुईजना युवतीहरूलाई रोकी आफन्त नेपालका कर्मचारी समेतको उपस्थितिमा सोधपुछ गर्दा शंकास्पद देखिएकाले उनीहरुलाई जिल्ला प्रहरी कार्यालयमा ल्याई प्रारम्भिक अनुसन्धान शुरु गरिएको थियो । त्यसक्रममा ती युवतीहरूको साथैमा रहेका भुजेलले हेटौंडा तथा वीरगञ्जको कपडा कारखानामा राम्रो आम्दानी हुने काममा लगाइदिने भनी प्रलोभनमा पारी बेचबिखन गर्ने उद्देश्यले भारततर्फ लैजाँदै गरेको देखिन आएकोले भुजेललाई नियन्त्रणमा लिइएको छ।

थप अनुसन्धानका लागि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ बमोजिमको कसूरमा पर्सा जिल्ला अदालतबाट ५ दिन म्याद लिई थप अनुसन्धान कार्य भइरहेको पर्सा प्रहरीका प्रवक्ता डीएसपी किशोर लम्सालले बताए।

# रंगशाला निर्माणमा अवरोधपछि निकासको खोजी

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधामस्थित निर्माणाधीन रामजानकी अन्तर्राष्ट्रिय रंगशाला सम्बन्धी गुठी संस्थानको निर्णयपछि निर्माण प्रक्रिया नै अवरुद्ध भएको छ।



निर्माण प्रक्रिया अवरुद्ध भएपछि सोको निकासको खोजी कार्यका लागि अहिले भौंतारिन बाध्य भएका छन् ।

जनकपुरधाम उपमहानगरपालिकाको पहलमा रजौलस्थित गुठीको १७ बिघा जग्गा लिजमा लिएर रंगशाला निर्माण गर्ने तयारी भइरहेको बेला गुठी संस्थानले सो जग्गाको वार्षिक भाडा ५१ लाख रुपैयाँ तोकेर दिनुपर्ने भन्दै परिपत्र गरेपछि निर्माण प्रक्रिया नै अन्योलमा परेको छ । सो निर्णयको निकासको खोजीका लागि पूर्वमन्त्री राम सरोज यादव, जनकपुरधाम उपमहानगरका मेयर मनोज कुमार साहसहित एक टोलीले मधेश प्रदेशका मुख्यमन्त्री सतीश कुमार सिंहलाई भेटेर पहलकदमी लिन आग्रह गरेका छन् । टोलीले रंगशालाको महत्व र जनकपुरधामको विकासमा त्यसको योगदानबारे जानकारी गराउँदै गुठी संस्थानको निर्णय तत्काल संशोधन गर्न माग गरे।

गुठी संस्थानले यसअघि सोही क्षेत्रको नौ बिघा जग्गा राष्ट्रिय खेलकुद परिषद्लाई मात्र नौ लाख रुपैयाँ वार्षिक भाडामा दिएको थियो । त्यसको तुलना गर्दा अहिले जनकपुरधाम उपमहानगरपालिकालाई प्रस्ताव गरिएको ५१ लाखको भाडा अनौठो र विभेदकारी देखिएको भन्दै गुनासो समेत गरे।

मुख्यमन्त्री सिंहले जनप्रतिनिधिहरूको मागलाई गम्भीर रूपमा लिने आश्वासन दिँदै आवश्यक छलफलपछि प्रदेश सरकारको तर्फबाट पहलकदमी लिने बताए । यसका साथै उनले विकासका काममा कुनै अवरोध नआओस् भन्नेतर्फ सरकार प्रतिवद्ध रहेको बताए।

# जसपा नेपाल बाराको अध्यक्षमा रमेश यादव निर्वाचित

टुडे समाचरादाता

बारा । जनता समाजवादी पार्टी नेपाल बाराको प्रथम जिल्ला अधिवेशनबाट रमेश यादव विजयी भएका छन्।



अध्यक्ष यादवले २६९ मत प्राप्त गरि निर्वाचित हुँदा उनका निकटतम प्रतिद्वन्द्वी धर्मवीर प्रसाद यादवले १७५ मत प्राप्त गरेका छन्। त्यसैगरि उपाध्यक्षमा शिवेन्द्र प्रताप सिंह र पुनम कुशवाहा निर्वाचित भएका छन् । उनीहरुले क्रमशः २५३ र २४६ मत प्राप्त गर्दा उनका निकटतम प्रतिद्वन्द्वी सुरेश प्रसाद साह १८९ र मो. मुरतजा अन्सारी १९९ मत प्राप्त गरेका छन्।

सचिवमा शम्भु कुमार गुप्ता २६१ मत प्राप्त गरी विजयी भएका छन् भने उनका प्रतिद्वन्द्वी मुकेश कुमार पाण्डेयले १९२ मत प्राप्त गरेका छन् ।

सह-सचिवमा सिकेन्द्र दास २७२ र नन्दन गुप्ता २४७ मत प्राप्त गरी निर्वाचित भएका छन् भने उनका प्रतिद्वन्द्वी धनसुनर यादव १४६ सुनैना कुमारी चौधरी १३५ मत प्राप्त गरेका छन्।

त्यस्तै कोषाध्यक्षमा विनोद प्रसाद यादव २६८ मत प्राप्त गरी निर्वाचित भएका छन् भने शारदा यादव १६० मत प्राप्त गरेका छन्।

वैशाख १३ गते उद्घाटन भएको प्रथम जिल्ला अधिवेशनले सहमतिमा नयाँ नेतृत्व चयन गर्न नसकेपछि निर्वाचन प्रक्रियामा गएको थियो । शनिबार भएको मतदानको मत परिणाम सोमबार सार्वजनिक भएको छ।

# लागूऔषधसहित दुई जना पक्राउ



टुडे समाचारदाता

लहान । सिरहाबाट लागूऔषधसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरीले लहान नगरपालिका-१७ स्थित बलान खोलाबाट बुधबार दिउँसो दुई जनालाई पक्राउ गरेको सिरहा प्रहरीले जनाएको छ । पक्राउ पर्नेमा लहान नगरपालिका-१५ का २१ वर्षीय सन्तोष यादव र लहान-१६ का २२ वर्षीय जितेन्द्र यादव रहेका छन् ।


सिरहा प्रहरीले उनीहरूले बोरामा ल्याउँदै गरेको २ सय ४० बोतल र लुकाएर राखेको २ सय १३ गरी ४ सय ४३ बोतल अनरेक्स नामक लागूऔषध बरामद गरेको छ।

त्यस्तै उनीहरूले प्रयोग गरेको दुई थान मोटरसाइकल र दुई थान मोबाइल पनि नियन्त्रणमा लिइएको सिरहा प्रहरीले जनाएको छ। यस विषयमा थप अनुसन्धान भइरहेको सिरहाका प्रहरी प्रवक्तासमेत रहेका डीएसपी वीरेन्द्रकुमार पासवानले जनाए।

# नयाँ बसपार्कमा जथाभावी पार्किङ हटाइँदै

टुडे समाचारदाता

वीरगञ्ज । पर्साको वीरगञ्ज महानगरपालिकाको कार्यालयले नयाँ बसपार्कबाट बेवारिसे सवारी हटाएर पार्किङमा कडाइ गर्न थालिएको छ। नयाँ बसपार्क क्षेत्रमा देखिएको जथाभावी पार्किङलाई व्यवस्थित गर्न कडाइका साथ अभियान शुरु गरिएको छ।



पछिल्लो समय बस, सुमो तथा अन्य सार्वजनिक सवारीसाधनहरू मनपरी पार्किङ गर्दा बसपार्क अस्तव्यस्त बन्न थालेको गुनासो आमनागरिक तथा यात्रुहरूबाट आएको थियो।

पार्किङ अव्यवस्थाले यात्रुहरूलाई आवतजावतमा अप्ठ्यारो हुने, ट्राफिक जाम सिर्जना हुने र सार्वजनिक स्थानमा अव्यवस्था बढ्ने जस्ता समस्या देखिन थालेपछि महानगरले टोली परिचालन गरी व्यवस्थापनको पहल थालेको वीरगञ्ज महानगरपालिका कार्यालयका जनसम्पर्क अधिकृत नवराज फुँयालले बताए।

उनले भने, 'महानगरपालिकाको टोलीले लामो समयदेखि सञ्चालनमा नरहेका र बेवारिसे रूपमा बसपार्कमै छाडिएका दुई वटा बसहरूलाई क्रेन लगाएर हटाएको छ,' उनले अघि थप्दैं भने, 'ती बसहरू कुनै चालक वा सवारीधनीको सम्पर्कबिना बसपार्कमै थन्क्याइएको अवस्थामा थिए।'

यसरी सवारी साधनहरू छाडेर बेवास्ता गर्नेलाई कारबाही गर्ने चेतावनी पनि महानगरले दिएको उनले बताए । महानगर प्रमुख राजेशमान सिंहले बसपार्क सार्वजनिक सम्पत्ति भएकाले यसलाई व्यवस्थित, सुरक्षित र यात्रु-मैत्री बनाउने दायित्व महानगरले लिएको सिंहलाई उद्धृत गर्दै फुयाँलले बताए।

उनले भने, 'उहाँले बसपार्कको सञ्चालनमा संलग्न साझेदार संस्थालाई आवश्यक निर्देशन दिँदै सवारी साधनहरू निश्चित स्थानमा मात्र पार्किङ गर्न र अव्यवस्थित रूपमा गाडी नछोड्न अनुरोध गर्नुभएको छ,' फुयाँलले अघि थप्दैं भने, 'बसपार्कको सरसफाइमा पनि विशेष ध्यान दिइएको छ।'

फुयाँलले जनाए अनुसार, फोहोरमैला व्यवस्थापनदेखि दैनिक सरसफाइसम्मका कामलाई थप प्रभावकारी बनाउन महानगरले सरसफाइ कर्मचारी तथा निगरानी टोली परिचालन गरेको छ। उनले यात्रुहरूको सुविधा, स्वास्थ्य र सुरक्षालाई प्राथमिकता दिँदै सार्वजनिक स्थानमा स्वच्छता कायम राख्न विशेष ध्यान दिइएको बताए।

मधेश कृषि विश्वविद्यालय
राजविराज, सप्तरी



कृषि स्नातक (B.Sc. Ag. Hons) तहको पुनः प्रवेश परीक्षाको Online आवेदन फारम भर्ने म्याद थप सम्बन्धी सूचना

शैक्षिक सत्र २०८१/०८२ का लागि कृषि संकायमा ४ वर्षे कृषि स्नातक तह (B.Sc. Ag. Hons) मा अध्ययन गर्न आवश्यक न्यूनतम योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट मिति २०८२/०१/२२ गतेदेखि मिति २०८२/०१/३१ गतेसम्म http://entrance.mau.edu.np मा गई Online आवेदन फारम भर्न सूचना प्रकाशन गरिएको छ।

थप जानकारी www.mau.edu.np मा उपलब्ध छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८